# नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५
# सम्बोधनहरू र घोषणापत्र




महान्यायाधिवक्ताको कार्यालय, नेपाल



नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुदै सम्मानननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली

नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुदै माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेल






नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनमा सर्वोत्कृष्ट वर्ष सरकारी वकील पुरस्कार ग्रहण गर्नु हुदै नायब महान्यायाधिवक्ता श्री किरण पौडेल

# सम्पादन समिति

सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई

उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी

शाखा अधिकृत श्री नुमराज खनाल

कम्प्यूटर अपरेटर श्री नारायण स्वर्णकार

प्रकाशक : महान्यायाधिवक्ताको कार्यालय, नेपाल

प्रकाशन सहयोग :

प्रकाशित मिति :

प्रकाशन संख्या : २००० (दुई हजार) प्रति

# विषयसूची

## समुद्घाटन समारोह


१. सम्माननीय राष्ट्रपतिज्यूले सम्मेलनको समुद्घाटन सत्रमा गर्नुभएको सम्बोधन १

२. सम्माननीय प्रधानमन्त्रीज्यूले व्यक्तगर्नु भएको मन्तव्य ४

३. सम्माननीय प्रधानन्यायाधिसज्यूले व्यक्तगर्नु भएको मन्तव्य ७

४. राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूले व्यक्तगर्नु भएको मन्तव्य १०

५. माननीय महान्यायाधिवक्ताज्यूले व्यक्तगर्नु भएको मन्तव्य १२

६. नेपाल बार एशोशिएसनका अध्यक्षज्यूले व्यक्तगर्नु भएको मन्तव्य १८

७. नेपाल प्रहरीका महानिरीक्षकज्यूले व्यक्तगर्नु भएको मन्तव्य २०

८. नायब महान्यायाधिवक्ताज्यूले व्यक्तगर्नु भएको मन्तव्य २३


## समापन समारोह


९. माननीय गृहमन्त्रीज्यूले व्यक्तगर्नु भएको मन्तव्य २५

१०. माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूले व्यक्तगर्नु भएको मन्तव्य २८

११. नेपाल बार एशोशिएसनका महासचिवज्यूले व्यक्तगर्नु भएको मन्तव्य ३०


## घोषणापत्र


१२. नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित घोषणपत्र, २०७५ ३२


# अनुसुची


पुरस्कृत कर्मचारीहरूको नामावली ४१

## १. नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा सम्माननीय राष्ट्रपति श्रीमति विद्यादेवी भण्डारीज्यूले व्यक्त गर्नुभएको मन्तव्य

**कार्यक्रमका सभापति माननीय महान्यायाधिवक्ताज्यू ,**

**विशेष अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू ,**

**अतिथि सम्माननीय प्रधान न्यायाधीशज्यू ,**

**अतिथि सम्माननीय सभामुखज्यू ,**

**अतिथि सम्माननीय राष्ट्रिय सभाका अध्यक्षज्यू ,**

**उपस्थित महानुभावहरु,**

**सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन**मा प्रमुख अतिथिको रुपमा तपाइँहरुसँग उपस्थित हुन पाउँदा मलाई असाध्यै खुशी लागेको छ । यसका लागि आयोजकलाई धन्यवाद प्रदान गर्दछु । यहाँहरुको यस सम्मेलन सार्थक र सफल बनोस् भन्ने शुभकामना समेत व्यक्त गर्दछु । म दुई वर्ष अगाडि सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनमा उपस्थित भएको यहाँ स्मरण गर्न चाहन्छु ।

हामीले संविधान मार्फत प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, स्वतन्त्र न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा विगत लामो समयदेखि प्रतिबद्धता व्यक्त गरेका छौं । यी मूल्यमान्यता अनुसार शासन संचालन गर्नका लागि सरकार र सरकारी निकायले समेत कानुनको अक्षरस: पालना गर्नुपर्दछ ।

**“समृद्ध नेपाल, सुखी नेपाली”** नेपाल सरकारको मूल मन्त्र रहेको छ । यसका लागि नागरिकले स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने वातावरण अत्यावश्यक हुन्छ । साथै शान्ति, सुशासन, विकास उत्तिकै आवश्यक हुन्छ । फौजदारी न्याय प्रशासनको सबल र प्रभावकारी कार्यान्वयनबाट मात्र हामी त्यस दिशातर्फ लाग्न सक्दछौं । यसबाट राज्यमा कानुनको शासनको प्रवर्द्धन र दण्डहीनताको अन्त्य हुन्छ र हामी समृद्धिको पथमा लम्किन सक्दछौं । सोका लागि फौजदारी न्याय प्रशासनको महत्वपूर्ण कार्य अभियोजनको विशेष जिम्मेवारी राज्यले महान्यायाधिवक्तालाई प्रदान गरेको छ । महान्यायाधिवक्ता र सरकारी वकीलहरूले सीमित स्रोत साधनका वावजुत पनि आफ्नो जिम्मेवारी निरन्तर क्रियाशील रही पूरा गरेको मैले पाएको छु ।

राज्यको सक्षमता फौजदारी न्यायप्रशासनको प्रभावकारितामा देखिन्छ । त्यसका लागि अपराध अनुसन्धान र अभियोजन वैज्ञानिक, वस्तुनिष्ठ र प्रभावकारी हुनु पर्दछ । अपराध अनुसन्धानमा नेतृत्वदायी

भूमिका र अभियोजनको मुख्य जिम्मेवारी महान्यायाधिवक्तालाई रहेको छ । महान्यायाधिवक्ता र सरकारी वकीलबाट सो जिम्मेवारी प्रभावकारी रुपमा बहन गरी कसूरदारलाई सजाय र पीडितलाई न्याय प्रदान गर्ने कार्यमा आफूलाई केन्द्रित गर्नु पर्दछ । समय, प्रविधि र संचारमा आएको परिवर्तनले अपराध गर्ने तौरतरिका र शैलीमा नयाँ प्रवृत्ति देखा परेको छ । यसले अपराध अनुसन्धानमा जटिलता समेत ल्याएको छ । यसलाई नियन्त्रित गर्न सोही अनुसारको प्रविधि, पूर्वाधार र क्षमताको आवश्यकता पर्दछ ।




सरकार र सरकारी निकायलाई संवैधानिक तथा कानुनी विषयमा राय प्रदान गर्ने कार्य महान्यायाधिवक्ता र सरकारी वकीलबाट हुँदै आएको छ । यसैगरी सरकार उपर परेका रिट निवेदन र मुद्दा मामिलामा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने कार्यसमेत महान्यायाधिवक्ता र सरकारी वकीलहरुबाट हुँदै आएको छ । संविधान र कानुनले प्रदान गरेका यी महत्वपूर्ण जिम्मेवारीहरु बहन गर्न सोही अनुसारको सक्षम र व्यावसायिक सरकारी वकीलको आवश्यकता पर्दछ । व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रूपमा स्थापित हुन सरकारी वकीलहरुको दक्षता र क्षमताको विकास जरुरी पर्दछ । त्यसका लागि स्वयं सरकारी वकीलहरुको सक्रियता र राज्यको आड भरोसा समेत उत्तिकै आवश्यक छ ।

नागरिकका गतिविधिसँग प्रत्यक्ष सम्बन्ध राख्ने फौजदारी न्यायप्रशासन संचालनसँग सम्बन्धित नयाँ कानुनहरु संघीय संसदबाट जारी भई कार्यान्वयनमा आएका छन् । मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन तथा मौलिक हकको

कार्यान्वयनसँग सम्बन्धित कानुनहरुसमेत जारी भई कार्यान्वयनमा आइसकेका छन् । ती कानुनहरुको कार्यान्वयनमा यहाँहरुको भूमिका महत्वपूर्ण रहेको छ । नयाँ कानुनहरुका बारेमा नागरिकलाई सुसूचित गर्ने र सोको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने दिशामा यहाँहरुको सक्रियता, समर्पण र लगाव अपेक्षित रहेको छ । यसले निरन्तरता पाउने छ भन्नेमा म विश्वस्त छु ।

समय क्रमसँगै सरकार वादी फौजदारी मुद्दाहरुमा भएको वृद्धि, नयाँ संहिताहरुले थपेको जिम्मेवारी र नागरिकहरुले सरकारी वकीलबाट गरेका अपेक्षा पूरा गर्न सरकारी वकीलले अझ थप प्रयत्न र मेहनत गर्नुपर्ने अवस्था छ । राज्यले सरकारी वकीलको पेशालाई थप व्यावसायिक, मर्यादित, व्यवस्थित बनाउन एवं कार्यालयको सुदृढीकरण र आधुनिकीकरण गर्न ध्यान दिने नै छ । यसबाट नागरिकले अपेक्षा गरेको अपराध नियन्त्रण, शान्ति र सभ्य समाज स्थापित हुनेछ । सरकार र सरकारी निकायहरुले कानुनको पालना गर्ने अवस्था बन्नेछ । सरकारी निकाय उपर परेका मुद्दा मामिलामा प्रभावकारी प्रतिनिधित्व हुनेछ ।

महान्यायाधिवक्ताले पेश गर्ने वार्षिक प्रतिवेदनमा समेत सो कार्यालयको समस्या, चुनौती र गरिनुपर्ने सुधारका क्षेत्रहरुको बारेमा विस्तृत उल्लेख हुँदै आएको पाइन्छ । राज्यले ती समस्याहरुलाई आत्मबोध गरी सम्बोधन गर्न सकारात्मक पहल र प्रयास गरेको र आगामी दिने निरन्तरता दिनेछ भन्ने मेरो विश्वास छ ।

अन्त्यमा "**वैज्ञानिक र वस्तुनिष्ठ अभियोजन, अपराध संहिताको प्रभावकारी कार्यान्वयन"** भन्ने मूल नाराका साथ सम्पन्न हुन गैरहेको सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनको सफलताको कामना गर्दछु ।

## २. नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूले व्यक्त गर्नुभएको मन्तब्य

सबै भन्दा पहिले नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको पूर्ण सफलताको निम्ति नेपाल सरकारको तर्फबाट र मेरो आफ्नो तर्फबाट हार्दिक शुभकामना गर्दछु। सँगसँगै के पनि भन्न चाहन्छु भने महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकार वकील कार्यालय एवम् सरकारी वकीलहरूको संस्थागत विकासका लागि नेपाल सरकारको तर्फबाट उचित सहयोग पुऱ्याउन सरकार तत्पर रहनेछ भन्ने जानकारी गराउन चाहन्छु।

हामी एउटा ऐतिहासिक मोडमा छौं। यतिबेला एउटा ठूलो परिवर्तनपछि अर्को ठूलो परिवर्तनको क्षणमा छौं। हामीले राजनीतिक परिवर्तन गऱ्यौं। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित गऱ्यौं। संविधानसभाबाट जनताका समावेशी सहभागितामूलक प्रतिनिधिहरूबाट संविधान निर्माण गऱ्यौं। संविधानले नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न र शासनको स्रोत बनाएको छ। संविधानले देशको सार्वभौम सत्ता, भौगोलिक अखण्डता, स्वाधीनता राष्ट्रिय हितको संरक्षण गर्ने र लोकतन्त्रको संरक्षण गर्ने जिम्मेवारी हामीलाई प्रदान गरेको छ। लोकतान्त्रिक प्रणालीलाई अपनाएका छौं। हाम्रो कानून प्रणालीले सामाजिक न्याय र समानता कायम गर्ने प्रतिबद्धता कायम गरेको छ। यो विशेष महत्वको प्रतिबद्धता हो। यो सामाजिक न्याय र समानता लोकतन्त्रको उपलब्धि हो। अहिलेको आवश्यकता भनेको न्याय र समानतामा आधारित भएर सामाजिक सद्भावमा रही राष्ट्रिय एकता कायम गर्नु हो।

हामी अहिले उत्पादन र उत्पादकत्वको वृद्धि मात्र हैन, प्रतिफल र उपलब्धिको हिस्सेदारीको वृद्धितर्फ अगाडि बढेका छौं। समग्र सामाजिक उपलब्धिका हिस्सेदार हामी हौं। अधिकारको समानता, अवसरको समानता र सुरक्षाको समानता हाम्रो उपलब्धि हो।

हामी कहाँ द्वन्द्व थियो। सबै मिलेर द्वन्द्व व्यवस्थापन गरेर शान्ति प्रक्रियालाई सफल बनाएर, हतियारको व्यवस्थापन गरेर सबै मिलेर निर्वाचन सम्पन्न गरेर द्वन्द्व र हिंसाका पाटाहरूलाई छाडेर शान्तिको मार्गमा हिडिरहेका छौं। द्वन्द्व र हिंसा छोडेर हामी शान्तिपूर्ण प्रक्रियामा हिडिरहेका छौ। हाम्रो मार्ग अहिले शान्तिको मार्ग हो। यसरी शान्ति स्थापना गऱ्यौं र निर्वाचनमार्फत राजनीतिक स्थीरता र स्थायित्व आएको छ। गणितीय बहुमत मात्र हैन हाम्रा समग्र राष्ट्रिय नीतिहरूको स्थायित्व हो। हामीसँग राष्ट्रिय नीतिहरू छन्। राष्ट्रिय नीतिहरू स्थीर र स्पष्ट हुनुपर्दछ र यतिबेला दृष्टिकोणसहितको सुदृढ र स्पष्ट नीति हामीसँग छ। त्यसकारण आज स्थीरता र स्थायित्वको मार्गमा छौ हामी। नेपाललाई समृद्ध र आधुनिक बनाउन हामीलाई यी चिज चाहिएको थियो। हामीले एउटा चरण पार गरेका छौ। उपलब्धि हासिल गरेका छौं। सममृद्ध, आधुनिक, विकसित राष्ट्र हामीलाई चाहिएको हो, चेतना र व्यवहारले त्यसलाई प्रभाव पार्दछ। सोही यात्रामा हामी प्रस्थान गरेका छौं र नेपालका सम्पूर्ण निकाय र संस्थाहरूले आफ्ना क्रियाकलापहरू व्यक्तिको चेतना र व्यवहार निर्माणमा विभिन्न क्रियाकलापहरू सञ्चालन गरिरहेका छन्।

हामीले जुन एउटा राष्ट्रिय संकल्प गरेका छौं, समृद्ध नेपाल सुखी नेपालीको, त्यस संकल्पलाई कसरी पुरा गर्ने ? त्यसका लागि सुशासन आवश्यक हुन्छ । सुशासन र समृद्धिलाई हामीले सँगसँगै अगाडि बढाएर लानुपर्दछ । म भन्न चाहन्छु, हामी स्वाधीन र स्वतन्त्र छौं । तर हामी कर्तव्यका बन्धनबाट, इमानका बन्धनबाट, नैतिकताको बन्धनबाट, परम्पराका बन्धनबाट, धर्मका बन्धनबाट र संविधान र कानूनका बन्धनबाट बाँधिएका छौं । आदर्श समाज निर्माण गर्न निष्ठापूर्वक लाग्नुपर्दछ ।

यसै प्रसङ्गमा महान्यायाधिवक्ताको कार्यालयले दुई वर्ष अगाडि २०७३ सालमा पहिलो सम्मेलन गरेको कुरा म स्मरण गरिरहेको छु । त्यसले पनि केही घोषणाहरू गरेको थियो । त्यसको २ वर्षपछि यो सम्मेलन आयोजना भएकोछ । यो तपाइहरूको निष्ठा र प्रतिबद्धताको निरन्तरता हो । कार्यक्रमको सफलताको शुभकामना दिन चाहन्छु ।

हामी सुशासन र विकासको चरणमा प्रवेश गरेका छौं । सुशासन र विकासका निम्ति आन्दोलन गरेर परिवर्तन गर्नेमा जनताले अगुवाइ गरेका छन् । अब उनीहरूलाई सेवा प्रवाह गरी परिवर्तनको आभाष दिलाउने सरकारको दायित्व हो । यसका लागि अगुवाई सरकारी निकाय र संस्थाहरूले गर्नुपर्दछ । टेवलमा फाइल सर्दै नसर्ने रोगबाट हामी मुक्त होऔं । हामीले पारदर्शिता र स्वच्छता कायम गरी काम गरौं ।




अपराध हुनु पनि हुदैन । अपराधबाट मुक्ति दिनुपर्‍यो । अपराधीलाई कानूनी प्रक्रिया बमोजिम प्रभावकारी अनुसन्धान र अभियोजन गर्नुपर्दछ । यसका लागि सरकारी वकीलको भूमिका महत्वपूर्ण रहेको छ ।

संविधान कार्यान्वयनसँग सम्बद्ध कानून र संहिताहरू जारी भएका छन् । मौलिक हकसँग सम्बद्ध ऐनहरू जारी भएका छन् । यी कानूनहरूका सम्बन्धमा यही कार्यक्षेत्रका व्यक्तिहरूको समान बुझाई हुनुपर्दछ र

त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ । यसका लागि सरकारी वकीलहरू लगायत यस क्षेत्रका काम गर्ने व्यक्तिहरूलाई सक्षम र सवल बनाउनुपर्दछ । समग्र कानूनी सन्दर्भको समान बुझाइ र दृष्टिकोण कसरी बनाउने यी कुराहरूमा यो सम्मेलनले ठोस घोषणा गर्ने छ ।

मानिस राजनीतिक प्राणी हो तर जहाँ पनि राजनीति हुनुहुदैन । राजनीतिले सबै ठाउँमा प्रदुषित गरिनु हुदैन । आग्रहहरूले पनि प्रदुषित गरिरहेको छ । यसकारण म आग्रह गर्न चाहन्छु हामी अव सुशासन र विकासको बाटोमा देशलाई अगाडि बढाउन चाहन्छौं । राजनैतिक वैचारिक वा संस्थागत आबद्धताको आग्रहले अव काम गर्ने छैन । यसपूर्वको सम्मेलनमा यहाँहरूले व्यावसायिकताको विषय मूल नारामा उठाउनुभएको थियो । त्यो व्यावसायिकता प्रदुषणबाट मुक्त हुनुपर्दछ । तवमात्र व्यावसायिकता हुन्छ । व्यावसायिकताका २ वटा पक्ष हुन्छन् । एउटा व्यवसाय र अर्को उन्मुक्ति । व्यावसायप्रतिको निष्ठा महत्वपूर्ण हुन्छ । कुनै पनि आग्रह र प्रदुषणबाट मुक्त हुदै जानुपर्दछ ।

तपाइहरूको यस दोस्रो राष्ट्रिय सम्मेलनले महत्वपूर्ण निष्कर्ष निकाल्ने छ । अदालत, प्रहरी र नागरिक समाजसँगको सम्बन्धलाई प्रगाढ बनाउदै व्यावसायिकताको विकास गर्न यस सम्मेलनबाट प्राप्त निष्कर्ष उपयोगी र फलदायी हुनेछ । तपाइहरूको सम्बन्ध सबैसँग हुन्छ । पीडितसँग पनि हुन्छ, पीडकसँग पनि हुन्छ । त्यसका बीचमा तपाइ व्यावसायिक बन्नुपर्ने हुन्छ । सम्मेलनको मूल नारा बमोजिम वैज्ञानिक र वस्तुनिष्ठ अभियोजन हुन सकोस् र प्रभावकारी न्याय सम्पादनका कुराहरू हुन सकोस् । यहाँ हुने महत्वपूर्ण छलफल सम्मेलनको निरन्तरताभन्दा बढी हो भन्ने लाग्दछ । आमन्त्रण गरी बोल्ने अवसर प्रदान गर्नुभएकोमा हार्दिक धन्यवाद ।

## ३. नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा सम्माननीय प्रधान न्यायाधीश श्री ओमप्रकाश मिश्रज्यूले व्यक्त गर्नुभएको मन्तव्य

**१. वैज्ञानिक र वस्तुनिष्ठ अभियोजन, अपराध संहिताको प्रभावकारी कार्यान्वयन भन्ने मूल नाराका** साथ आजबाट प्रारम्भ भएको **सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५** को समुद्घाटन समारोहमा सहभागी हुँदा मलाई अत्यन्त खुसी लागेको छ । यस विशेष समारोहमा आमन्त्रण गरी शुभकामना व्यक्त गर्ने अवसर उपलब्ध गराउनु भएकोमा आयोजक महान्यायाधिवक्ताको कार्यालय परिवारलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

२. फौजदारी कानून कार्यान्वयन, सरकारको कानूनी सल्लाहकार, राज्यको कानूनी प्रतिरक्षी र विधिको शासन स्थापनार्थ कार्यरत निकायहरुको कानूनी सहयात्रीका रुपमा रहने सरकारी वकीलको राज्यका काम कारबाहीमा व्यावसायिक उपस्थिति र भूमिका रहेको छ । न्याय सम्पादनमा एउटा अत्यावश्यक संयन्त्र र अवयवका रुपमा रहने सरकारी वकील फौजदारी मुद्दामा ***अनुसन्धानलाई वैधानिक मार्गतर्फ निर्देशन गर्ने, तथ्य स्थापना गर्ने, प्रमाण सङ्कलनलाई प्राथमिकता दिने*** *र* ***तथ्यको स्थापनापश्चात् कुन कानूनी कारबाही प्रारम्भ गर्ने भन्ने कुरामा अभियोजनको उपयुक्त छनौट***को अधिकार राख्ने अधिकारी पनि हो । यस अर्थमा, फौजदारी कानून उल्लंघनको अवस्थामा न्यायिक प्रक्रियाको पूर्वानुमान गर्दै यथोचित कानूनी कारबाहीलाई अघि बढाउने नेतृत्वदायी भूमिका सरकारी वकीलमा निहित छ । यस्तो महत्वपूर्ण जिम्मेवारीमा रहनु भएका सरकारी वकीलहरुको आजबाट प्रारम्भ भएको दोस्रो राष्ट्रिय सम्मेलन फौजदारी न्याय प्रशासनको सँस्थागत सुदृढीकरण र यसका अवयवहरुको व्यावसायिक विकासमा महत्वपूर्ण रहेको छ । सम्मेलन आयोजना गर्न सफल हुनु भएकोमा महान्यायाधिवक्ताको कार्यालयको मुक्तकण्ठले प्रशंसा गर्दै सम्मेलनको पूर्ण सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।




**३.** नेपालमा सरकारी वकीलको व्यावसायिक र सँस्थागत विकासमा वर्तमान समयसम्म आइपुग्दा आशातीत सुधार र उत्साहजनक अवस्था देखिन्छ । संविधान र कानूनको विकास क्रमसँगै सरकारी वकीलको भूमिकामा भएको परिवर्तन, बढ्दो जिम्मेवारी तथा व्यावसायिक कार्य सम्पादनको अभ्याससँगै सरकारी वकीलप्रति संविधान र कानूनले अधिक अपेक्षा राखेको छ। यस अपेक्षालाई सम्बोधन गर्न हालका दिनहरुमा सरकारी वकीलको कार्य सकारात्मक रहेको मेरो विश्वास छ । वर्तमान समयमा सर्वोच्च अदालत लगायतका अदालतहरुमा बहस, पैरवी र प्रतिरक्षाको कार्य अनुसन्धानमूलक र व्यावसायिक रुपमा प्रस्तुत हुने गरेको अनुभव हुँदैछ । यसका अतिरिक्त, सरकारी वकीलभित्र समेत विशिष्टीकृत भूमिकाको अभिवृद्धि गर्न केही समय अघिबाट प्रारम्भ भएको विशिष्टीकृत प्रशिक्षण यस सँस्थाका सकारात्मक उपलब्धिका रुपमा रहेको देखिन्छ । तसर्थ, कार्य सम्पादन र नतिजाका दृष्टिले समेत यहाँहरुको कार्यले उत्साहजनक रुपमा गति लिएको देख्न पाउनु न्यायको सरोकारवाला निकायका हामी सबैलाई उत्साह र आशावादी बनाउने पक्षका रुपमा रहेका छन् । यहाँहरुको यस्तो व्यावसायिक भूमिका निरन्तर रहोस् र सँस्थागत विकासले निरन्तरता प्राप्त गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**४.** विगतमा भौतिक विकास, सेवा, सुविधा र अवसरको उपलब्धता, साधन, स्रोत तथा आवश्यक सामग्रीको पर्याप्तता जस्ता विषयमा समय समयमा सरकारी वकीलका तर्फबाट माग हुँदै आएको अवस्था

रह्यो । यद्यपि, यस्ता विषयमा आजको अवस्थामा पूर्णतः असन्तोष गर्नु पर्ने अवस्था छैन भन्ने देखिन थालेको छ । महान्यायाधिवक्ताको कार्यालय भवन निर्माणाधीन अवस्थामा रहेको र देशभरिमा सरकारी वकील कार्यालय भवन र आवासको निर्माण निरन्तर रुपमा भइरहेको देखिन्छ । सवारी साधन तथा अन्य स्रोत र अवसरको वृद्धि समेत भइरहेको सन्दर्भमा सरकारी वकीलप्रतिको आकर्षण र सन्तुष्टि समेत उल्लेखनीय रुपमा रहेको पाइन्छ । संविधानले सेवा, शर्त तथा सुविधा सम्बन्धी छुट्टै ऐनको परिकल्पना समेत गरेकोमा यस सँस्थाको विशिष्टतालाई राज्यले स्वीकार गरेको छ । यस्तो ऐन हालसम्म जारी हुन नसकेको भए तापनि संविधानले परिकल्पना गरे अनुरुपको ऐन निकट भविष्यमा जारी हुनेछ भन्नेमा विश्वस्त हुँदै सरकारी वकीलसम्बन्धी उपयुक्त कानूनी व्यवस्था यथाशीघ्र हुन सकोस् भन्ने हार्दिक शुभकामना पनि व्यक्त गर्दछु ।

**५.** अभ्यास र अनुभव निरन्तर रुपमा परिवर्तनशील हुँदै जान्छन् । विकास पनि विवेकशील रुपमा विस्तार हुँदै जाने विशेषता हो । सबै क्षेत्रमा नवीनता हासिल हुँदै गर्दा न्याय र कानूनको क्षेत्रमा समेत प्रभाव देखिने गर्दछ । हाम्रा कार्यहरु विगतभन्दा बढी व्यावसायिक हुँदै आएका छन् । तालीम, गोष्ठी, अध्ययन, अनुसन्धान जस्ता विषयले व्यापकता पाउँदै आएकोमा न्यायिक निकायका अन्य अवयवसँगै सरकारी वकीलको ज्ञान, अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि हुँदै आएको छ । यस्ता व्यावसायिक व्यक्तिहरुको भूमिका परिवर्तित समयमा थप प्रभावकारी रुपमा प्रतिविम्बित हुन सक्नु पर्दछ । यहाँहरुले सम्मेलनमा राख्नु भएको नाराले समेत वैज्ञानिक र वस्तुनिष्ठ अभियोजनलाई विशेष जोड दिएको छ । वास्तवमा, अभियोजन वस्तुनिष्ठ भएन र प्रतिरक्षा प्रभावकारी भएन भने अन्ततः त्यसको असर **न्याय**मा पर्दछ । मुद्दाको स्वरुप र संरचना प्रारम्भबाट नै व्यावसायिक र वस्तुनिष्ठ हुन सकेमा नै न्यायिक निर्णयमा सकारात्मक सहयोग पुग्न सक्दछ । यस मान्यताले यहाँहरुको कार्य व्यवहार र कार्य सम्पादनमा स्थान प्राप्त गर्न सकोस् भन्ने आग्रह गर्दछु ।

**६.** अन्त्यमा, विद्यमान अभ्यास तथा न्याय र कानून क्षेत्रका अवयवहरुका अनुभव र अपेक्षा एक आपसमा आदान प्रदान गर्दै भावी योजना निर्माण गर्ने उद्देश्यमा यहाँहरु सबैलाई सफलता प्राप्त होस् भन्ने कामना गर्दछु । यस विशेष समारोहमा उपस्थित समस्त अति विशिष्ट सम्माननीय महोदयहरु तथा विशिष्ट महानुभावहरुप्रति आभार व्यक्त गर्दै **सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५** महान्यायाधिवक्ताको कार्यालयको सँस्थागत विकासमा विशेष अवसर बन्न सकोस् भन्ने कामनासहित सम्मेलनको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । **धन्यवाद ।**

## ४. नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा सम्माननीय राष्ट्रिय सभाका अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाज्यूले व्यक्त गर्नुभएको मन्तव्य

सर्वप्रथम त यो सम्मेलन जुन लक्षय प्राप्तिका लागि आयोजना गरिएको सो कालागि सफल रहोस्, नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको पूर्ण सफलताका लागि हार्दिक शुभकामना गर्दछु




। फौजदारी न्याय प्रशासको प्रभावकारिताका लागि र राज्यमा सुशासन कायम गर्न यो सम्मेलन उपयोगी बन्न सकोस् भने कामना गर्दछु ।

अपराध संहिता जारी गरी केही नयाँ व्यवस्था हामीले गऱ्यौं । खागरी त्यस कानूनप्रतिको बुझाइ देश भरीका सरकारी वकीलहरूका तर्फबाट एउटै बुझाइ हुनु जरुरी हुन्छ । सम्मेलनले एउटै बुझाइ कायम गर्नमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।  त्यसको साथसाथै सरकारी वकीलहरूले आफ्नो मात्र बुझाईमा एकरुपता ल्याएर पनि हुदैन ।  कानूनको प्रयोगमा एकरूपता हुनुपर्दछ । सरकारी वकील अभियोजनमा जति महत्वपूर्ण छ, अनुसन्धानमा नेपाल प्रहरी त्यति नै महत्वपूर्ण छ । दुवै पक्षको सहभागिता, सहकार्य र समन्वय जरुरी हुन्छ । यसलाई अझै प्रभावकारी बनाउन सरकारी वकीलबाट गरिने अभियोजनको निर्णय दवाव, प्रभाव र अभावबाट मुक्त भै संविधान र कानूनका आधारमा गरिनुपर्दछ । त्यो अभियोग वस्तुनिष्ठ अभियोजन हुनुपर्दछ । कुनै घटनामा अभियोग लगाउनु मात्र ठूलो कुरा होइन । एक पटक अभियोग लागी सकेपछि अदालतबाट सफाइ पाएपछि पनि उसको गुमेको प्रतिष्ठा फिर्ता हुन सक्दैन । त्यसैले अनुसन्धान र अभियोजन वस्तुनिष्ठ हुनुपर्दछ ।

कार्यसमीक्षा गर्दा अभियोजनको निर्णयलाई अदालतबाट भएको फैसला समेतका आधारमा मूल्याङ्कन गरिनु पर्दछ । धेरै अभियोजन गरेता पनि सबै सफाइ भयो भने त्यो अभियोजन बैज्ञानिक र वस्तुनिष्ठ हुन सकेन

भन्ने हुन्छ । अभियोजन गर्ने कार्यलाई छिटो छरितो समेत बनाउन आवश्यक छ । त्यसलाई धेरै लम्ब्याउनु हुदैन ।

सरकारी वकील कार्यालयमा कार्यरत जनशक्तिको क्षमता विकास, सँस्थागत सुदृढीकरण, स्रोत साधनको व्यवस्था गर्ने र सरकारी वकीलको दक्षता अभिवृद्धि गर्ने कार्यमा यो सम्मेलन प्रभावकारी सावित हुन सक्नेछ । कार्यसम्पादनलाई वैज्ञानिक व्यवस्थित, स्रोत साधनले युक्त बनाउदै लैजान समेत मात्र त्यसको सार्थकता हुनेछ । सम्मेलनले त्यसका लागि मार्ग देखाउनेछ भन्ने मेरो अपेक्षा छ ।

संविधानले गरेको व्यवस्थाले देश नयाँ युगमा प्रवेश गरेको छ । मौलिक हकसँग सम्बिन्धत कानूनहरू जारी भएका छन् । ती कानूनहरूमा गरिएका व्यवस्थाहरूको कार्यान्वयन गर्न राज्यले पनि विभिन्न नीति, योजना र कार्ययोजना ल्याउनु पर्दछ । त्यसको कार्यान्वयन गरी व्यवहारबाट परिणाम देखाउन जरुरी छ । सरकारी निकायबाट कुनै गल्ती वा त्रुटी भएमा राज्यले क्षतिपूर्ति दिनुपर्ने हुन्छ । त्यसैले हाम्रो कार्यसम्पादनमा थप गम्भीर बन्नु जरुरी छ ।

अन्त्यमा, सम्मेलनको पूर्ण सफलताको कामना गर्दछु । धन्यवाद ।

## ५. नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूले व्यक्त गर्नुभएको मन्तव्य

**"वैज्ञानिक र वस्तुनिष्ठ अभियोजन, अपराध संहिताको प्रभावकारी कार्यान्वयन"** भन्ने मूल नाराका साथ महान्यायाधिवक्ताको कार्यालयले आयोजना गरेको नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनको समुद्घाटन गरी मार्गदर्शक सम्बोधन गरिदिनु भएकोमा समारोहका प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । पहिलो राष्ट्रिय सम्मेलनमा सम्माननीय राष्ट्रपतिज्यूबाट भएको समुद्घाटन र सम्बोधनमार्फत भएको मार्गदर्शन महान्यायाधिवक्ताको कार्यालयको सँस्थागत अभिलेखमा अमिटरुपमा रहेको व्यहोरा समेत सादर निवेदन गर्दछु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनु हुने विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूको उत्साहपूर्ण मतव्यका लागि हार्दिक आभार प्रकट गर्दछु । यो समारोहमा अतिथिको रुपमा उपस्थित भई मन्तव्य समेत राखी दिनु भएकोमा सम्माननीय प्रधान न्यायाधीशज्यू र राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । नेपाल बार एशोसिएशनका अध्यक्षज्यू र प्रहरी महानिरीक्षकको शुभकामना मन्तव्यका लागि धन्यवाद ज्ञापन गर्दछु । हाम्रो निमन्त्रणालाई स्वीकार गरी समारोहमा उपस्थित हुनु हुने सम्पूर्ण विशिष्ट महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

### महान्यायाधिवक्ता र सरकारी वकीलको संवैधानिक तथा कानूनी व्यवस्था :

फौजदारी न्याय प्रणालीको महत्वपूर्ण स्तम्भको रुपमा संवैधानिक जिम्मेवारी सहित महान्यायाधिवक्ताको कार्यालय स्थापित छ । अपराध अनुसन्धानको नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अभियोजनको अन्तिम निर्णय गर्ने अधिकार संविधान र कानूनले महान्यायाधिवक्तालाई प्रदान गरेको छ । उक्त अधिकार संविधान र प्रचलित कानून बमोजिम मातहतका सरकारी वकीलहरुले प्रयोग र पालना गर्ने गरी प्रत्यायोजन गरिएको छ र नेपाल भरका जिल्ला, उच्च, विशेष तहका सरकारी वकीलहरुबाट उक्त अधिकार अन्तर्गत रही कार्य सम्पादन हुँदै आएको छ ।




## पहिलो सम्मेलनको स्मरण

सरकारी वकीलहरुको सँस्थागत विकासका लागि आधार तयार गर्ने, सरकारी वकीलको वृत्ति विकास र व्यावसायिक क्षमता विकास गर्ने उद्देश्यले **"प्रभावकारी अभियोजन, सुदृढ प्रतिरक्षा, व्यावसायिक सरकारी वकील हाम्रो प्रतिबद्धता"** भन्ने मूल नाराका साथ नेपालका सरकारी वकीलहरूको पहिलो राष्ट्रिय सम्मेलन २०७३ साल सम्पन्न भएको थियो । सो सम्मेलनले सरकारी वकीलको कार्य सम्पादन र व्यावसायिकता विकासका सन्दर्भमा ३० बुँदे घोषणापत्र समेत जारी गरेको थियो । साथै, नेपालका सरकारी वकीलहरूको पहिलो राष्ट्रिय सम्मेलनले प्रत्येक दुई वर्षमा सरकारी वकीलको राष्ट्रिय सम्मेलन गर्ने गरी घोषणापत्रमा नै उल्लेख गरेको सन्दर्भ समेत यस अवसरमा स्मरण गर्न चाहन्छु । सो सम्मेलनले पारित गरेको घोषणापत्रको कार्यान्वयनबाट महान्यायाधिवक्ताको कार्यालयको कार्य सम्पादन एवम् सँस्थागत विकासमा सकारात्मक योगदान पुगेको अनुभव सबै पक्षबाट गरिएको छ । उक्त सम्मेलन आयोजना गर्न अग्रसरता दर्शाउनु हुने अग्रजहरुलाई हार्दिकतापूर्वक स्मरण गर्न चाहन्छु ।

## यो सम्मेलनको आवश्यकता :

यसै बीच मुलुकको फौजदारी न्याय प्रशासनमा आमूल परिवर्तन गर्ने मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरु जारी भई २०७५ साल भदौ १ गतेदेखि लागू भएको सर्वविदितै छ । साथै संविधानमा व्यवस्थित मौलिक हक कार्यान्वयनसँग सम्बन्धित विभिन्न कानूनहरु समेत संघीय संसदबाट पारित भई कार्यान्वयनमा आएका छन् । हामीले लामो समयसम्म अभ्यास गरेको मुलुकी ऐन सहितका केही कानूनहरु खारेज भएका छन् । नयाँ संहिताहरुले फौजदारी न्याय प्रशासनको क्रममा मानव अधिकारको संरक्षण गर्ने उत्तरदायित्व ती कानूनको कार्यान्वयन गर्ने निकायहरुलाई दिँदै मुलुकको कानून प्रणालीमा रुपान्तरण गरी आधुनिकीकरण गर्ने लक्ष्य लिएका छन् । यस सन्दर्भमा नयाँ कानूनहरुले लिएका अपेक्षा अनुसार कार्य गर्नु हामी सबैको साझा कर्तव्य हो । सो सन्दर्भमा सरकारी वकीलहरुलाई संविधान र कानूनले सुम्पिएको अभियोजन, बहस, पैरवी र प्रतिरक्षासमेतका कार्यहरु नयाँ कानूनहरुको व्यवस्था अनुरुप अघि बढाउन आजको अपरिहार्यता बनेको छ । यसका लागि वस्तुनिष्ठ रुपमा अभियोजन गर्न, सरकारको तर्फबाट मुद्दामा प्रभावकारी प्रतिनिधित्व गर्न एवम् ती कानूनको अवधारणा, उद्देश्य र कानूनी व्यवस्थाका सम्बन्धमा साझा दृष्टिकोण बनाउन जरुरी छ । यसबाट मात्र नयाँ संहिता र कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्न सहज र संभव हुन्छ । सो अनुसार परिवर्तित सन्दर्भमा सरकारी वकीलहरुको संगठन संरचना, कार्य प्रणाली र कार्यशैलीमा सुधार र अभिमुखीकरण गर्दै व्यायसायिकतामा निखार ल्याउने प्रयासको निरन्तरता स्वरुप प्रस्तुत सम्मेलनको आयोजना गरिएको हो ।

साथ साथै सरकारी वकील कार्यालयबाट सम्पादन गरिने काम कारबाही र प्रदान गरिने सेवालाई प्रभावकारी बनाई जनविश्वासिलो र भरोषायुक्त संस्थाको रुपमा विकास गर्न आवश्यक उपायहरु पहिचान गर्ने उपयुक्त थलोको रुपमा यो सम्मेलन रहनेछ भन्ने विश्वास लिएको छु ।

## सम्मेलनका विषयवस्तुहरु :

यस सम्मेलनमा **मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता एवम् फौजदारी कसूर र फौजदारी न्याय प्रशासन सम्बन्धी कानूनहरुको कार्यान्वयनमा सरकारी वकीलको भूमिका, सरकारी वकील कार्यालयको संस्थागत सुदृढीकरण र व्यावसायिकता विकाससम्वन्धी** विषयमा प्रत्येक समूहमा कार्यपत्रहरु प्रस्तुत गरी छलफल  गर्ने प्रारुप तयार गरिएको छ ।

## संहिता समेतका नयाँ कानूनहरुको कार्यान्वयन :

संहिताहरु लागू हुनुभन्दा अगावै संहिता नयाँ कानूनहरुको प्रभावकारी कार्यान्वयनका लागि सम्पूर्ण सरकारी वकीललाई महान्यायाधिवक्ताको कार्यालयबाट विभिन्न चरणका प्रशिक्षण प्रदान गरिएको थियो । संहिता कार्यान्वयनमा देखिने द्विविधा तथा समस्याहरुलाई चिरफार गरी एकरुपता ल्याउनका लागि महान्यायाधिवक्ताको कार्यालयमा सहजीकरण समिति समेत बनाइएको छ । महान्यायाधिवक्ताको नेतृत्वमा

रहेको समन्वय समितिलाई समेत क्रियाशिल बनाइएको छ । सजाय निर्धारण सुझाव समिति तथा संघीय प्रोवेशन तथा प्यारोल बोर्डका लागि तोक्नु पर्ने सदस्यहरुको लागि प्रधानमन्त्री कार्यालयसँग अनुरोध गरिएको छ । यी कार्यहरुले संहिता समेतका नयाँ कानूनको कार्यान्वयनका लागि सहज वातावरण बनेको छ । आगामी दिनमा समेत प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन महान्यायाधिवक्ताको कार्यालय लगायत समग्र सरकारी वकील तत्पर रहेको कुरा अनुरोध गर्दछु ।

## पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयन:

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको मध्यावधि मूल्यांकन गर्ने अवस्थामा छौं । योजना कार्यान्वयनको समीक्षा गर्न र सुधारका क्षेत्रहरु पहिचान गर्न यस सम्मेलनले सघाउ पुऱ्याउने विश्वास छ । महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुधार, जनशक्ति व्यवस्थापन तथा भौतिक पूर्वाधारको अवस्थाको समीक्षा गर्दै भावी योजना र कार्यक्रमका लागि मार्गदर्शन गर्न यो सम्मेलनले ठोस आधार प्रदान गर्नेछ । रणनीति योजना शुरुवात गर्ने अग्रजहरु धन्यवादका पात्र हुनुहुन्छ । रणनीतिक योजनाको लक्ष्य अनुसार सरकारी वकील कार्यालयहरुको जग्गा प्राप्ति र भवन निर्माण गर्ने कार्यहरु भइरहेका छन् । उपत्यका स्थित सरकारी वकील कार्यालयहरुको लागि जग्गा प्राप्त गर्ने कार्य अघि बढाइएको छ । सरकारी वकील कार्यालयका लागि विभिन्न जिल्लामा जग्गा प्राप्ति गर्ने प्रक्रियामा सहयोग गर्नु हुने सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

## आगामी योजनामा समावेश

मुलुकमा शान्ति र विकासको आधारको रुपमा कानूनको शासनलाई लिने गरिन्छ । कानूनको शासन स्थापनाका लागि कानूनको आधुनिकीकरण र सोको प्रभावकारी कार्यान्वयन आवश्यक पर्दछ । त्यसैले सम्बृद्ध नेपाल सुखी नेपालीको आदर्शलाई व्यवहारमा रुपान्तरण गर्न कानून कार्यान्वयन गर्ने निकायको प्रभावकारिता अभिबृद्धि गरिनु आवश्यक हुन्छ । सो प्रयोजनका लागि अपराधको अनुसन्धान र अभियोजन तथा सरकारी पक्षको प्रभावकारी प्रतिरक्षा र प्रतिनिधित्वको विषयलाई आगामी पन्ध्रौं राष्ट्रिय योजनामा प्राथमिकतापूर्वक समावेश गरी सुधारका कार्यक्रमहरु समावेश गर्नु पर्ने आवश्यकताबोध गरिएको छ ।

## सरकारी वकीलको विशिष्टीकरण :

फौजदारी कानूनका विषय, संविधान र यसका अन्तरनिहित पक्ष, सार्वजनिक तथा सरकारी सम्पत्तिको सुरक्षा र संरक्षणका विषयका साथै मानव अधिकारको सुनिश्चिता गर्ने र कानूनी शासन प्रवर्द्धन गर्ने विषयमा सरकारी वकीलले अहोरात्र काम गरिरहेको अवस्था छ । यी सबै विषयहरुमा विशिष्ट ज्ञान तथा व्यवहारबाट दीक्षित भई अनुसन्धान, अभियोजन, वहस पैरवी तथा प्रतिरक्षाका साथै कानूनी सल्लाहकारको भूमिकालाई व्यावसायिक रुपमा निर्वाह गर्न सक्नु पर्ने हुन्छ । यसै प्रयोजनका लागि रणनीतिक योजना तथा कार्ययोजना अनुरुप सरोकारवाला निकायहरुसँगको समन्वय समेतमा सरकारी वकीलहरुलाई तोकिएको विभिन्न विषयमा विशिष्टीकरण गर्ने योजना रहेको छ । संवैधानिक कानून, कर तथा राजश्व सम्बन्धी कानूनका विषयमा रुची राख्ने सरकारी वकीलहरुलाई प्रशिक्षण प्रदान गरी विशिष्टीकृत सरकारी वकीलको

रुपमा तयार गर्न प्रारम्भ छ । यसै गरी आगामी दिनहरुमा भ्रष्टाचार निवारण कानून, सगठित अपराध निवारण कानून, बैंङ्किङ्ग कसूरसम्बन्धी कानून, सेवा कानून, सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण लगायतका विषयहरुमा सरकारी वकीलहरुलाई विशिष्टीकरण गर्ने योजना रहेको छ ।

## सरकारी वकील र सुशासन :

सरकारी वकीलले न्यायको पक्षमा कार्य गर्ने संस्था भएकोमा दुईमत छैन । यस सन्दर्भमा पीडित, शंकित, समाजका अन्य पक्षका साथै विभिन्न सरोकारवाला निकायहरुसँग कानूनी सम्बन्ध राख्नु पर्ने हुन्छ । यस अवस्थामा सरकारी वकीले सदाचार, नैतिकता, निष्ठा र प्रतिष्ठालाई आत्मसात गरी कार्य सम्पादन गर्नु पर्ने हुन्छ । यो कार्य सँस्कृतिलाई प्रवर्द्धन गर्न महान्यायाधिवक्ताको कार्यालयले मसिनो गरी नियमनका प्रकृया अवलम्बन गरी आएको छ । यसै सन्दर्भमा विगतको अभ्यास, न्यायिक सँस्कृति र अन्तर्राष्ट्रिय प्रचलन अनुरुप हुने गरी सरकारी वकील र सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीको आचार संहिताको पुनरावलोकन गरी  मिति २०७५।९।३ गतेदेखि नयाँ आचार संहिता लागू गरिएको छ । दण्ड र पुरस्कारको प्रणालीलाई पनि एकसाथ अघि बढाइएको छ । पुरस्कारको मापदण्ड तयार गरी आफूलाई अब्बल राख्न आवश्यक हुने विषयवस्तुहरु उजागर गरिएको छ ।

निष्ठा र नैतिक आचरणको पालना बेगर व्यावसायिकताले पूर्णता प्राप्त गर्न नसक्ने हुँदा सरकारी वकीलको व्यावसायिक आचरण र अनुशासनको पूर्णतः पालना गरी संस्थाको गरिमालाई उच्च बनाउन सबै सरकारी वकीलहरु समर्पित हुनेमा विश्वस्त छु ।

यसै वर्षदेखि थालनी गरिएको एटर्नी अफ दि इयरको पुरस्कार प्राप्त गर्नु हुने नायब महान्यायाधिवक्ताज्यूलाई हार्दिक बधाई समेत ज्ञापन गर्दछु ।

## जनशक्ति व्यवस्थापन र सरकारी वकीलको सेवा शर्तसम्बन्धी कानूनको निर्माण :

संहिता समेतका नयाँ कानूनहरुले सरकारी वकीलको कार्य जिम्मेवारी थप भएको छ । यसै वर्ष नेपाल सरकारबाट उल्लेख्य संख्यामा सरकारी वकीलको दरबन्दी थप भएपनि बढ्दो कार्यबोझका कारण विद्यमान जनशक्तिले तोकिएको कार्य सम्पादन गर्न नभ्याउने निश्चित छ । त्यसैले आवश्यकता र औचित्यताका आधारमा दरबन्दी पुनरावलोकन गरी कार्य जिम्मेवारी अनुसार जनशक्ति व्यवस्थापन गर्नु पर्ने आवश्यकता रहेको छ ।

सरकारी वकीलको सेवा व्यावसायिक प्रकृतिको सेवा हो । तसर्थ यसले निरन्तर अध्ययन, अनुसन्धानको आवश्यकता खोजी गर्दछ । साधन श्रोतले समेत सक्षम बनाउनु पर्ने हुन्छ । त्यसका लागि वर्तमान संविधानले अंगिकार गरेको व्यवस्थाभित्र रहेर सरकारी वकील तथा कर्मचारीहरुको सेवा शर्त सम्बन्धी कानून ल्याई सरकारी वकीलको मनोबल उच्च बनाउन तथा व्यावसायिकता अभिवृद्धि गर्न आवश्यक छ ।

सरकारी वकीलहरुलाई अन्तर्राष्ट्रिय अनुभवसँग परिचित गराउन र अन्तर्राष्ट्रिय मञ्चहरुमा पहुँच पुचाउनका लागि International Association of Prosecutors (IAP) को सदस्यता लिने प्रकृया प्रारम्भ भएको छ । नेपाल सरकारबाट यो विषयमा स्वीकृति प्राप्त भइसकेको छ । यो कार्यका लागि सम्माननीय प्रधानमन्त्रीज्यू तथा नेपाल सरकारप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा, सम्मेलनका सहभागी एवं पर्यवेक्षकहरुले सक्रियतापूर्वक सहभागी भई सम्मेलनले राखेका उद्देश्यहरु पूरा गर्न सहयोग गर्नु हुने अपेक्षा राख्दछु । सम्मेलनमा प्रस्तुत हुने कार्यपत्र लेख्ने लेखकहरु, सम्मेलनलाई सफल पार्न विभिन्न भूमिकामा रही कार्य सम्पादन गर्नु हुने सबैमा धन्यवाद ज्ञापन गर्दछु ।

सम्मेलनमा सहभागी, पर्यवेक्षक तथा विज्ञ व्यक्तित्वबाट सघन छलफल गरी सरकारी वकीलको लागि आगामी बाटो पहिल्याउन सहयोग मिल्नेछ भन्ने विश्वास प्रकट गर्दछु ।

सम्मेलनबाट पारित हुने घोषणापत्रले सरकारी वकील र सरकारी वकीलको संगठन संरचना, कार्यप्रणालीमा सुधारका लागि मार्गदर्शन गर्ने अपेक्षा राख्दछु । यस सम्मेलनको सम्मेलनको आयोजना गर्न सहयोग पुर्‍याउने सम्बद्ध सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु र यो उद्घाटन समारोह सम्पन्न भएको सादर निवदेन गर्दछु । धन्यवाद ।

## ६. नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा नेपाल बार एसोसियसनका अध्यक्ष श्री शेर बहादुर के.सी. ज्यूले व्यक्त गर्नु भएको मन्तब्य

'बैज्ञानिक र वुस्तुनिष्ठ अभियोजन, अपराध संहिताको प्रभावकारी कार्यान्वयन' भन्ने मूल नाराका साथ नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन हुन गैरहेको छ । यस अवसरमा नेपाल बार एसोसियनको तर्फबाट सम्पूर्ण सरकारी वकील र न्याय सम्बद्ध निकायहरूलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु र मन्तव्यका लागि अवसर दिनुभएकोमा आभार प्रकट गर्दछु ।




नेपाल नवीनतम् युगमा रहेको छ । हामीले नयाँ संविधान जारी गर्‍यौं ! संविधानसभाबाट । यो विश्वको कान्छो संविधान हो । नयाँ संविधानले मुलुकको न्यायपालिकालाई स्वतन्त्र बनाएको छ । संवैधानिकको सर्वोच्चता, कानूनको शासन र मौलिक हकको पालना र स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरेको छ । त्यही बाटोमा हामी सबै हिडिरहेका छौं । सबै तहका निर्वाचन सम्पन्न भई नयाँ सरकार गठन भएको छ । जनताले संविधानको पूर्ण कार्यान्वयनको अपेक्षा गरेको छ । मौलिक हकको व्यवस्था हामीले जे गर्‍यौं त्यसको पूर्ण कार्यान्वयन होस् र राज्यले सबै नागरिकको अभिभावकत्व प्रदान गर्नुपर्दछ भन्ने बार एसोसियसनले चाहेको छ ।

हामीले मुलुकमा देवानी र फौजदारी संहिताको लागू गरेका छौं । त्यसको कार्यान्वयन गर्न हामी लागेका छौं । सबै कानून व्यवसायीहरूलाई तालिम प्रदान गरेका छौं । संविधान र देवानी र फौजदारी संहिताहरूको पूर्ण र प्रभावकारी रूपका कार्यान्वयनको हामी प्रतिबद्ध पनि छौं । त्यसको असल कार्यान्वयन होस् भन्ने हाम्रो चाहना छ । त्यहाँ नयाँ व्यवस्थाहरू गरिएका छन् र त्यसको कार्यान्वयन गर्ने जिम्मेवारी सरकारी वकील र प्रहरीलाई दिइएको छ । हामी पुरानो सोचबाट मुक्त हुनुपर्दछ । जस्तै सामुदायिक सेवाका प्रावधान त्यहाँ गरिएको छ, प्ली बार्गेनिङ् लगायतका व्यवस्थाहरु आएका छन् जुन अत्यन्तै राम्रा छन् । त्यसको सही कार्यान्वयनका लागि सरकारी वकीलहरुको काँधमा त्यो जिम्मेवारी रहेको छ । कानूनमा लेखेर हुदैन, कार्यान्वयन हुनुपर्दछ । सजाय निर्धारणका सम्बन्धमा पनि नयाँ व्यवस्था छन् । सोही रुपमा कार्यान्वयन हुनु जरुरी छ ।

अर्को कुरा नेपालले विभिन्न मानव अधिकारका महासन्धिमा हस्ताक्षर गरेको छ । हामीले मृत्युदण्डलाई उन्मुलन गरेका छौं हाम्रो संविधानमा । इन्काउन्टरका नाममा केही घटना भएका छन् । कसैले कानून उल्लंघन गरेको छ भने त्यसलाई कानून बमोजिम सजाय गरियोस् । दण्डहीनता अन्त्य हुनुपर्दछ र सजाय कानून बमोजिम मात्र गरिनुपर्दछ । त्यसका लागि नेपाल बार एसोसियसन सहयोग गर्न तयार छ । नयाँ फौजदारी संहितामा धेरै व्यवस्था वैज्ञानिक छन् । यसको कार्यान्वयन सही रुपमा होस् ।

मन्तव्य व्यक्त गर्ने अवसर दिनुएकोमा हार्दिक धन्यवाद ।

## ७. नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा प्रहरी महानिरिक्षक श्री सर्वेन्द्र खनालज्यूले व्यक्त गर्नुभएको : शुभ-कामना मन्तव्य

स्थानः राष्ट्रिय सभा गृह, प्रदर्शनीमार्ग
मितिः २०७५।०९।०८

- *'वैज्ञानिक र वस्तुनिष्ठ अभियोजन, अपराध संहिताको प्रभावकारी कार्यान्वयन'* भन्ने मूल नाराका साथ भव्यरुपमा आयोजित फौजदारी न्याय प्रणालीका आधारस्तम्भ अभियोजनकर्ता सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनमा उपस्थित भई शुभ-कामना व्यक्त गर्ने अवसर प्रदान गरिदिनु भएकोमा माननीय महान्यायाधिवक्ताज्यू लगायत आयोजक वर्गमा हार्दिक आभार व्यक्त गर्दै यस महत्वपूर्ण कार्यक्रमको सफल आयोजनाका लागि बधाई समेत दिन चाहन्छु।

- संविधान र विद्यमान कानूनहरूको मर्मअनुरुप मुलुकमा विधिको शासन बहाल राख्ने क्रममा महान्यायाधिवक्ताको कार्यालयले खेल्दै आएको अहम् भूमिकाको उच्च प्रशंसा र सम्मान गर्दै यस दोस्रो सम्मेलनले सरकारवादी मुद्दाहरूको अभियोजन मात्र नभई कानून कार्यान्वयन र अनुसन्धानको क्षेत्रका विद्यमान अवस्थाको सम्बन्धमा गहन छलफल गरेर फौजदारी न्याय प्रशासनको आगामी मार्गचित्र कोर्न सफल होस् भन्न कामना गर्दछु।

- नेपालको फौजदारी न्याय प्रणालीको मुख्य कर्ताहरूको रुपमा रहेका नेपाल प्रहरी, सरकारी वकील तथा अदालतको सद्भावयुक्त सहसम्बन्ध एवम् पृथक विशिष्ट भूमिकाहरूको जिम्मेवार, उत्तरदायी र साझेदारीपूर्ण कार्यसम्पादनबाट मात्र न्याय निरुपण गर्ने कार्य पूरा हुन्छ। अनुसन्धान, अभियोजन र न्याय निरुपण गर्ने कार्यको नेतृत्वदायी भूमिकामा रहेका नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय, तथा न्यायालयको आपसी समन्वय र सहयोगमा कानूनी राज्यको प्रत्याभूत हुने र दण्डहीनताको अन्त्य भई नागरिकले निष्पक्ष न्याय सम्पादनको अनुभूति गर्न सक्दछन्।

- लक्ष्य तथा उद्देश्यका हिसाबले एक अर्काप्रति अन्तरसम्बन्धित हुँदा-हुँदै पनि व्यावसायिक स्वतन्त्रता तथा स्वायत्तता हाम्रो सफलताको अर्को कडी हो। हाम्रा व्यावसायिक सम्बन्ध सम्मानजनक हुनु पर्छ नै, साथै अहस्तक्षेपकारी समेत हुनु आवश्यक हुन्छ। न्याय प्रणालीको चरणहरू पूरा गरिनुभन्दा पनि आम नागरिकले न्यायको महसुस गर्न सके मात्र कानूनको वास्तविक कार्यान्वयन भई राज्यप्रति आम जनताको

विश्वास बढ्ने भएकोले यस सम्मेलनमा फौजदारी न्याय प्रशासनका कर्ताहरूबीचको अन्तरसम्बन्ध समेत विस्तृत अध्ययनको विषय बनोस् भन्ने कामना गर्दछु ।

- राज्यको कानूनी प्रतिनिधित्व र प्रतिरक्षा गर्दै पीडितलाई न्याय र पीडकलाई सजाय दिलाउने कार्यमा समर्पित सरकारी वकीलहरूको विशिष्ट भूमिकाबाट नै अपराध अनुसन्धानमा प्रहरीले बगाएको पसिनाको वास्तविक प्रतिफल प्राप्त हुन्छ । सरकारी वकीलको प्रभावकारी भूमिका बिना प्रहरीको अनुसन्धानले वास्तविक उपलब्धि हाँसिल गर्दैन र नागरिकले न्याय प्राप्त गरी राज्यको उपस्थितिको महसुस पनि गर्न सक्दैन ।

- यस अर्थमा, सरकारी वकीलको क्षमता विकास र संस्थागत सुदृढीकरणका थप क्षेत्रहरू पहिल्याउदै त्यसको कार्यान्वयन गर्न आयोजित यस सम्मेलन प्रहरी र समग्र न्याय प्रशासनका लागि मार्गनिर्देशक र उपलब्धिपूर्ण हुनेछ भन्ने बिश्वास लिएको छु ।

- सिद्धान्तत: कानूनमा समय सापेक्ष परिवर्तन हुनै पर्दछ र समाजको गतिसँगै कानून परिवर्तन हुनु त्यसको महत्वपूर्ण आवश्यकता पनि हो । हालै हामीले न्यायको क्षेत्रमा नयाँ कानूनी व्यवस्थामा प्रवेश गरेका छौं । कानूनको निर्माणपछिको महत्वपूर्ण कार्य कानूनको वास्तविक र प्रभावकारी कार्यान्वयन हो । यस सम्मेलनको नारामा नै भनिएको ‘अपराध संहिताको प्रभावकारी कार्यान्वयन’ को विषय सम्मेलनको प्रमुख विषय बन्ने नै छ ।

- हरेक परिवर्तनहरूलाई आत्मसात् गर्न र सहजता महसुस गर्न यसको आफ्नै गति र निश्चिय समय लिने हुन्छ । हामीले त्यस अवधि समेत पार गरिसकेकाले नवीनतम् कानूनी व्यवस्थाको प्रभाव र परिणामहरूको अध्ययन गर्ने यो अत्यन्तै सही समय पनि हो भन्ने मेरो बुझाई रहेको छ।

- नेपालको फौजदारी न्याय प्रणालीमा अपराध अनुसन्धानको जिम्मेवारी नेपाल प्रहरीको प्राथमिक दायित्व हो । हरेक अपराधको अनुसन्धान गर्ने प्रस्थानबिन्दु प्रहरी भएकोले अनुसन्धानलाई सफलताका साथ अवतरण गराउने कार्य प्रहरी कै हो । यसर्थ, यसमा प्रहरीको भूमिका विश्वसनिय, विवेकसम्मत एवम् कानूनसम्मत हुनै पर्दछ भन्नेमा हामी सचेत छौं ।

- सामाजिक अवस्था र मानवीय चेतनाको स्तर कानून कार्यान्वनका लागि सहजता र सफलताका दिलाउने महत्वपूर्ण आधारहरू हुन् । हाम्रो समाजमा आफू जाहेरवाला हुँदा र अभियुक्त हुँदा प्रहरीबाट

फरक अनुसन्धान पद्धति तथा कार्यहरूको अपेक्षा गर्नेको कमी छैन । आफ्ना लागि कानूनको अक्षरश पालना र अर्काका लागि जे पनि जायज मान्ने र भीडको बलमा अवरोध गर्ने मानसिकताबाट मुक्त नहुँदासम्म प्रहरीले मानव अधिकारको संरक्षण र संवर्द्धनमा गरेको हरेक प्रयास प्रभावकारी नलाग्न सक्छ र प्रहरीबाट अनुसन्धान गरिएका मुद्दाहरूको सफलता उत्साहजनक नलाग्न सक्छ ।

- प्रबिधिमा पहुचको न्यूनता, कानूनबमोजिमका संयन्त्रको उपलब्धता र अभावका बीच सबुदमुखीभन्दा बयानमुखी अनुसन्धान भएको, पीडितमैत्री वातावरण सुनिश्चित गर्न नसकेको, प्रविधिमैत्री अनुसन्धान पद्धति स्थापित नभएको, साक्षी सुरक्षा कमजोर भएको, सहकार्य र समन्वय अपेक्षित नभएको आदि-आदि प्रविधिक विषयहरू अनुसन्धानकर्तामा गरिने शंकाहरूतर्फ नेपाल प्रहरी सचेत र सतर्क छ र यसलाई सुधार्न नेपाल प्रहरी सदैव प्रयासरत छ । हामी सफल अनुसन्धानका लागि विशेष लक्षसहितको रणनीतिक योजना बनाई कार्यान्वयन गर्ने तयारीमा रहेको निवेदन गर्न चाहन्छु ।

- नेपाल प्रहरीले विभिन्न कुख्यात घटनाहरूको सफल अनुसन्धान तथा सुचना प्रबिधिको प्रयोगका माध्यमबाट सुशासनमा अग्रणी भूमिका खेलेकोले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय समुयदायबाट प्रशंसा र पुरस्कृत समेत प्राप्त गरेको छ । आजको यस अवसरमा 'अपराध अनुसन्धान प्रतिशतमा गणना गर्न सकिने काम नभएकोले नेपाल प्रहरीको *'मूल्याङ्कन घटना विशेषका आधारमा नभई श्रृङ्खलाको आधारमा गरिनु पर्दछ भन्ने पुन:* सबैमा अनुरोध गर्न चाहन्छु ।

- अन्त्यमा, सम्मेलनका निष्कर्षहरू आकर्षक अधययन सामाग्री हुनुका साथै अपराध संहिताको सफल कार्यान्वयन गर्दै नेपालको फौजदारी न्याय प्रणालीलाई अझ परिष्कृत गर्न सहयोग पुग्ने मार्गदर्शक बनोस् भन्ने कामना सहित यसको कार्यान्वयनको लागि नेपाल प्रहरी आफ्नो भूमिकामा सदैव प्रतिबद्ध रहेको जाहेर गर्दै बिदा हुन्छु ।

**धन्यवाद, जय नेपाल !**

## ८. नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा नायब महान्यायाधिवक्ता श्री खगराज पौडेलज्यूले व्यक्त गर्नुभएको मन्तव्य

"वैज्ञानिक र वस्तुनिष्ठ अभियोजन अपराध संहिताको प्रभावकारी कार्यान्वयन" भन्ने मूल नाराका साथ नेपालका सरकारी वकीलहरूको दोश्रो राष्ट्रिय सम्मेलन,२०७५ को समुद्घाटन समारोहका प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यूमा हार्दिक स्वागत गर्दछु ।

कार्यक्रमका विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायाधीशज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूमा हार्दिक स्वागत गर्दछु ।

माननीय उपप्रधान मन्त्रीज्यूहरू, मन्त्रीज्यूहरू तथा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका सम्पूर्ण अतिथिज्यूहरूमा महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट हार्दिक स्वागत गर्दछु । सम्मेलनमा सहभागी हुन आउनु भएका सम्पूर्ण सरकारी वकील तथा पर्यवेक्षकहरूलाई हार्दिक स्वागत गर्दछु । वि.सं. २००८ साल पौष ८ गते अर्थात आजकै दिन नेपालका प्रथम महान्यायाधिवक्ताका रूपमा स्व. कालीप्रसाद उपाध्यायलाई नियुक्ति गरेको ऐतिहासिक दिनको सम्झना तथा सम्मान स्वरुप हामीले महान्यायाधिवक्ताको कार्यालयको स्थापना दिवस मनाउदै आएका छौं । स्थापना दिवसको अवसर पारेर दुई वर्ष अगाडि




सम्माननीय राष्ट्रपतिज्यूबाट प्रथम राष्ट्रिय सम्मेलनको समुद्घाटन भएको ऐतिहासिक अवसरको स्मरण गर्दै यो सम्मेलन त्यसैको निरन्तरता भएको व्यहोरा सादर निवेदन गर्न चाहन्छु ।

नेपालको फौजदारी न्याय प्रशासनलाई आधुनिक र समय सापेक्ष बनाउन फौजदारी कानूनहरूको सुधार परिमार्जन र संहिताकरणका लागि लामो प्रयासको सफलता स्वरुप नेपालको फौजदारी न्याय प्रणालीलाई रूपान्तरण गर्दै मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधी (संहिता) ऐन, २०७४ र मुलुकी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ जारी भई यही भदौ १ गतेबाट कार्यान्वयन भएका छन् । उल्लिखित ऐनहरूको व्यवस्थाले फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनका सम्बन्धमा सरकारी वकीलको भूमिका र जिम्मेवारीमा बढोत्तरीको अपेक्षा गरेको छ । सोही विषयलाई हृदयङ्गम गरी हामीले यस पटकको सम्मेलनलाई नयाँ संहिताहरूको प्रभावकारी कार्यान्वयनमा केन्द्रित गरेका छौं ।

सम्मेलनका ५ समूह मध्ये ३ समूहमा पूर्ण रूपमा नयाँ कानूनी व्यवस्थाका बारेमा छलफल गरिने र दुई समूहमा सरकारी वकील कार्यालयको सँस्थागत सुधार र व्यावसायिकतामा केन्द्रित रहने गरी तय गरिएको व्यहोरा सादर निवेदन गर्दछु ।

महान्यायाधिवक्ताको कार्यालयको ६७ वर्षे इतिहासमा हेर्दा यसले विभिन्न अवसर र चुनौतीहरू पार गर्दै आजको अवस्थामा आइपुगेको छ । कानूनको शासन, मानव अधिकार, वैयक्तिक स्वतन्त्रताको संरक्षण, सार्वजनिक हित संरक्षण, र न्यायमा सहज पहुँचका खातिर सरकारी वकीलको सेवालाई व्यावसायिक र प्रतिस्पर्धी बनाउन समय सापेक्ष नीति, योजना तथा कार्यक्रमहरू तर्जुमा एवं कार्यान्वयन गर्ने क्रममा महान्यायाधिवक्ताको कार्यालय दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको क्रममा छ ।

नेपालका सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन, २०७३ ले पारित गरेका ३० बुँदे घोषणापत्र सरकारी वकीलको पेशालाई व्यावसायिक बनाउने सन्दर्भमा अत्यन्तै महत्वपूर्ण रहेको छ । २०७५ भाद्र १ गते देखि लागू भएका नयाँ संहिताहरूको कार्यान्वयन, महान्यायाधिवक्ताको कार्यालयको सँस्थागत सुधार एवम् सरकारी वकीलहरूको व्यावसायिकता विकासमा यो सम्मेलनले घनिभूत छलफल गरी महत्वपूर्ण घोषणापत्र पारित गर्ने अपेक्षा महान्यायाधिवक्ताको कार्यालयको रहेको छ ।

अन्त्यमा; हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका सम्माननीय राष्ट्रपतिज्यूको गरिमामय उपस्थिति प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । विशिष्ट अतिथिका रूपमा उपस्थित सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधान न्यायाधीशज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यस उद्घाटन समारोहमा उपस्थित सम्पूर्ण विशिष्ट पदाधिकारीज्यूहरू र पर्यवेक्षक तथा सहभागी सरकारी वकीलहरूमा हार्दिक स्वागत गर्दै बिदा हुन्छु । धन्यवाद ।

## ९. नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनको समापन समारोहमा माननीय गृह मन्त्री श्री राम बहादुर थापाज्यूले व्यक्त गर्नुभएको मन्तव्य

**“वैज्ञानिक र वस्तुनिष्ठ अभियोजन, अपराध संहिताको प्रभावकारी कार्यान्वयन”** भन्ने मूल नाराका साथ महान्यायाधिवक्ताको कार्यालयले आयोजना गरेको नेपालका सरकारी वकीलहरुको तीन दिवसीय दोस्रो राष्ट्रिय सम्मेलनको समापन समारोहमा प्रमुख अतिथिको रुपमा उपस्थित भई मन्तव्य राख्ने अवसर दिनु भएकोमा महान्यायाधिवक्ताको कार्यालय परिवारमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

सम्मेलनको समापनको अवसरमा यहाँहरु समक्ष कानूनको शासन कायम राख्न यहाँहरुको निरन्तर योगदान रहनेछ भन्ने अपेक्षा सहित मेरा केही धारणाहरु प्रकट गर्दछु ।




जनताको राज्यप्रतिको अपेक्षा सुशासन, आर्थिक समृद्धि, सामाजिक न्याय हो । साथै नागरिक स्वतन्त्रताको प्रत्याभूति र कानुनको प्रभावकारी कार्यान्वयन हो । उल्लिखित अपेक्षा पूरा गर्न राज्यमा शान्ति, सुरक्षा,

अमनचयन, दण्डहीनताको अन्त्य र कानुनको शासनको प्रवर्द्धन अनिवार्य हुन्छ । यसका लागि अपराध अनुसन्धान र अभियोजन मार्फत कानुन उल्लंघनकर्तालाई कानुनको दायरामा ल्याउन, राज्यमा शान्ति सुरक्षा कायम गर्न, मुलुकमा कानुनी शासनको प्रत्याभूति दिन, दण्डहीनताको अन्त्य गर्न, स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने नागरिकको हक संरक्षण गर्न फौजदारी न्याय प्रशासन अपरिहार्य हुन्छ । समय सापेक्ष रुपमा फौजदारी न्याय प्रशासनलाई आधुनिकीकरण गर्ने प्रयत्नमा यहाँहरुको साथ सहयोग पाउँदा खुशी लागेको छ ।

समाजमा देखा परेका नयाँ नयाँ आपराधिक क्रियाकलापहरुलाई कानुनी दायरामा ल्याउन र फौजदारी कानुनलाई आधुनिकीकरण गर्न मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ कार्यान्वयनमा रहेका छन् ।

संविधानले प्रत्याभूत गरेका मौलिक हकको कार्यान्वयनसँग सम्बन्धित हालै संघीय संसदबाट जारी भएका कानुनहरु समेत क्रियाशील भएका छन् । संहिता लगायतका कानुन कार्यान्वयनमा सरकारी वकीलहरुले देखाएको तत्परता र क्रियाशीलता सह्रानीय रहेको छ । लामो समयसम्म अभ्यासमा रहेको मुलुकी ऐन खारेज गरी नयाँ संहिता बमोजिम अभ्यस्त हुन समय लाग्ने र केही जटिलता र द्विविधाहरु समेत देखिन सक्छन् । कार्यान्वयनका क्रममा आउने जटिलता र द्विविधाहरु सम्बोधन गर्न सरकारले ती कानुनहरुमा आवश्यक संशोधन र परिमार्जन गर्न उचित पहल गर्ने नै छ ।

विज्ञान, प्रविधिको विकास, आधुनिकीकरण र विश्वव्यापीकरणले फौजदारी अपराधको प्रभाव सीमाविहीन अवस्थामा विस्तार भएको छ । भौगोलिक सीमाले अपराधको प्रभाव र असर रोक्न सक्दैन । अपराधले संगठित एवं अन्तरदेशीय स्वरुपसमेत ग्रहण गरेको छ । यसबाट थुप्रै जटिलता र चुनौतीहरु सिर्जना भएका छन् । गम्भीर किसिमका अपराधमा संलग्न अपराधीहरुलाई पहिचान गरी कानूनको दायरामा ल्याउन फौजदारी न्याय प्रशासनका सबै सरोकारवालाहरुको साथ र सहयोग आवश्यक देखिएको छ ।

राज्यको मुख्य अभियोजनकर्ता, नेपाल सरकारको कानुनी सल्लाहकार एवं सरकारको हक, हित र सरोकार निहित रहने मुद्दामा नेपाल सरकारको प्रतिनिधित्व गर्ने जिम्मेवारी बहन गरेका महान्यायाधिवक्ता र सरकारी वकीलहरुको काम व्यावसायिक प्रकृतिका कार्यहरु हुन् । संविधान र कानूनले सुम्पिएका जिम्मेवारी प्रभावकारी ढङ्गले निर्वाह गर्न सरकारी वकीलको व्यावसायिकता विकास गर्न आवश्यक हुन्छ । सक्षम

जनशक्तिको प्राप्ति र संरक्षण तथा उनीहरुको उच्च मनोबल कायम हुन सकेमा मात्र अपेक्षित उद्देश्य पूरा गर्न सकिन्छ भन्ने कुरामा म विश्वस्त छु ।

सरकारी वकील नेपाल सरकारको वकील हो । "नेपाल सरकारका तर्फबाट गरिने कानुनी प्रतिरक्षालाई प्रभावकारी बनाउन महान्यायाधिवक्ताको कार्यालयको क्षमता वृद्धि गर्ने, अपराध अनुसन्धान र अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउने" भन्ने नीति नेपाल सरकारले लिएको छ । महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनालाई प्रभावकारी कार्यान्वयन गर्ने विषय सरकारको प्राथमिकताभित्र रहेको छ । यसका लागि आवश्यक कानुन र नीतिको तर्जुमा, आवश्यक बजेटको प्रबन्ध, संस्थागत सुदृढीकरण, भौतिक पूर्वाधारको विकास र जनशक्तिको उचित प्रबन्ध तथा क्षमता विकासका अवसरहरुको अभिवृद्धिका लागि सरकार संवेदनशील एवं सकारात्मक रहेको व्यहोरा यहाँहरु समक्ष जानकारी गराउँदछु ।

अपराध अनुसन्धान र अभियोजनमा कुनै पनि प्रकारको त्रुटिले सिंगो समाजलाई नै नकारात्मक प्रभाव पार्दछ । त्यसैले अपराधको अनुसन्धान र अभियोजनमा संलग्न जनशक्तिको निष्ठा र सदाचारमा कहिल्यै प्रश्न उठ्न नदिने तर्फ सबै पक्षको साझा प्रयास आवश्यक पर्दछ ।

सरकारी वकीलहरुलाई व्यावसायिक र दक्ष बनाउन विषयगत विशिष्टीकरण गर्ने महान्यायाधिवक्ताको कार्यालयको योजनालाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने नेपाल सरकारको प्रतिबद्धता प्रकट गर्दछु ।

अन्तमा, सम्मेलनको अवसर पारी पुरस्कृत हुनु भएका सरकारी वकील तथा कर्मचारीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दछु ।

नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्रले फौजदारी न्यायप्रशासनको सबलीकरण र कानुनी शासनको प्रवर्द्धन गर्न दिशानिर्देश गर्नेछ भन्ने अपेक्षा गर्दै सम्मेलन सफलतापूर्वक सम्पन्न गर्नु भएकोमा माननीय महान्यायाधिवक्ताज्यू र यहाँहरु सबैलाई बधाई ज्ञापन गर्दै मेरो मन्तव्य अन्त्य गर्दछु । धन्यवाद ।

## १०. नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको समापन समारोहमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालज्यूले व्यक्त गर्नुभएको मन्तव्य

कानून क्षेत्रमा पौष महिना ऐतिहासिक महिनाका रूपमा रहेको छ । न्याय परिषद् दिवस, कानून व्यवसायी परिषद् दिवस र महान्यायाधिवक्ताको कार्यालयको स्थापना दिवस समेतले पौष महिनालाई न्याय र कानूनका क्षेत्रमा विशिष्ट महिनाका रूपमा स्थापित गराएको छ । सर्वप्रथम, त म राम्रो काम गरेर पुरस्कृत हुनुभएका सम्पूर्ण सरकारी वकील र कर्मचारीहरूप्रति हार्दिक बधाई र शुकामना व्यक्त गर्न चाहन्छु ।

न्याय र कानूनको क्षेत्रमा काम गरेर अनुभव प्राप्त गर्नुभएका दिग्गज मित्रहरू तीन दिनसम्म बसेर जे निष्कर्ष निकाल्नुभएको छ । ती सही होलान भन्ने मेरो अनुमान छ । हामी एउटा नयाँ परिवेशमा छौं । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको कार्यान्वयनको क्रममा छौं । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहमा पनि सरकार गरेर ७६१ वटा सरकारको हैसियतमा काम गर्ने संस्थाहरू अहिले क्रियाशील छन । हिजोको भन्दा बदलिएको यो परिवेश आफैमा हामीले अपराधहरूसँग सम्बन्धित विषयहरूको निरूपण गर्नका निम्ति थप नयाँ पहल लियौं । अपराध संहिता समेतका केही नयाँ कानूनहरू यस बीचमा जारी भएका छन् ।




हामीले यो बीचमा व्यवस्था गरेको नयाँ कानूनको कार्यान्वयनमा पनि थप जटिलताहरू सँगसँगै आएका छन् । किनभने नयाँ क्षेत्रमा काम गरेको अनुभव हामीसँग कम छ । यसले गर्दा अनुभवको कमी भएको ठाउँमा नयाँ अपेक्षा पूरा गर्ने गरी हामीले काम गर्नुपर्ने अवस्था छ । त्यो काममा न्याय निरुपण गर्ने कुराको सन्दर्भमा सबै भन्दा प्रारम्भिक चरणमा काम गर्ने सरकारी सरकारी वकीलहरूको भूमिका निःसन्देह

बदलिएको परिवेश र बदलिएको कानूनहरूलाई युगसापेक्ष ढङ्गले अगाढि बढाउने र विश्वास आर्जन गर्ने कुरामा तपाइको योग्यताले जति त्यसलाई स्थापित गर्दछ ,त्यति नै समाजमा विश्वसनीयता हासिल गर्नमा सहयोग पुग्छ भन्ने मलाई लाग्दछ ।

तपाइको विवेकलाई प्रभावित पार्नका लागि तपाइलाई प्रभाव पार्न सक्ने तत्वहरूबाट जोगिएर संविधान, कानून र तपाइहरूको विवेकको प्रयोग गर्न म सबैसँग हार्दिकतापूर्ण अनुरोध गर्दछु । तपाइको विवेकको प्रयोग गर्ने मूल्यलाई स्थापित गर्न सकियो भने मात्र समाजमा रहेका अपराधलाई हटाउने कुराको अगुवाई हामीबाट हुन सक्छ भन्ने कुराको विश्वास मैले लिएको छु र तदनरूपको भूमिकाको अपेक्षा म यहाँहरूसँग गर्दछु । हुन त सरकारी वकीलले मात्र गर्दा सबै कुरो हुन्छ मलाई त्यस्तो लाग्दैन । तथापि यदाकदा मुद्दा कमजोर बनाउनको निम्ति वा मुद्दासँग सम्झौता गर्नका निम्ति वा मुद्दाको निरुपण गर्ने खालका विषयहरू चाहे त्यो न्यायालयसँग सम्बन्धित विषय होस् वा अभियोजनसँग, त्यसको विपक्षमा दृढतापूर्वक उभिने कुरामा कुनै कमी नहोस् भन्ने विश्वास पनि राख्न चाहन्छु ।

अन्त्यमा, अहिले संविधानसहित ३३९ वटा कानूनहरू छन् । १६५ वटा कानूनहरूले मात्र संविधान र संघीयता चिनेका छन् । बाँकी कानूनहरूलाई संविधान र समाजको गतिलाई अगाडि बढाउनका निम्ति ती कानूनहरूमा संशोधन गर्नुपर्ने आवश्यकता छ । त्यो हुने नै छ । ती कानून कार्यान्वयन गर्न सरकारी वकीलहरूले अगुवाई गर्ने गरी जिम्मेवारी लिनुभयो भने र अनुसन्धानकर्ता नेपाल प्रहरीसँगको समन्वयमा नेतृत्वदायी भूमिका निर्वाह गरिदिनुभयो भने प्रभावकारी कार्यान्वयन र न्याय निरुपण गर्ने कुरामा समेत निर्णायक अर्थ राख्दछ ।

महान्यायाधिवक्ताको कार्यालयले यस प्रकृतिको राष्ट्रिय सम्मेलन गरी देशैभरका सरकारी वकीलहरू र पर्यवेक्षकहरू समेतलाई एकै ठाउँमा ल्याई एकीकृत धारणा बनाउने काम गरेर कानूनको पैरवी गर्ने र अपराधलाई न्युनीकरण गर्ने कुरामा महत्वपूर्ण कार्य गरेको छ । यसले कानून कार्यान्वयनका निम्ति र यसमा सुधार गर्ने विषयमा एकरूपताका साथ सहयोग हुनेछ । तपाइहरूले सरकारी वकीलसँग सम्बन्धित विषयमा कानून निर्माण गर्ने विषयमा राज्यका तर्फबाट यथोचित ध्यान दिने कुरा जसले न्याय निरुपण गर्नका निम्ति अझै प्रभावकारी प्रेरणा मिल्ने कुरामा ध्यानाकर्षण गराउनु भएको छ । त्यसमा नेपाल सरकारले कन्जुस्याई गर्नुपर्ने कुनै कारण छैन ।

यो महत्वपूर्ण कार्यक्रममा आमन्त्रण गरी मन्तव्य प्रदान गर्ने अवसरका लागि धन्यवाद प्रकट गर्दछु ।

## ११. नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको समापन समारोहमा नेपाल बार एसोसियसनका महासचिव श्री खम्मबहादुर खातीज्यूले व्यक्त गर्नुभएको मन्तव्य

'वैज्ञानिक र वुस्तुनिष्ठ अभियोजन, अपराध संहिताको प्रभावकारी कार्यान्वयन' भन्ने मूल नाराका साथ नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५ को समापन समारोहमा नेपाल बार एसोसियसनलाई निमन्त्रणा गरी मन्तव्यका लागि अवसर दिनुएकोमा आभार प्रकट गर्दछु । सन्दर्भ अत्यन्तै राम्रो र नारा पनि उपयुक्त छानिएको रहेछ । खुसी लागेको छ । सम्मेलनको मूल नारा वैज्ञानिक र वुस्तुनिष्ठ अभियोजनभन्दा पछाडि अनुसन्धान पनि थप गर्दा अझै उपयुक्त र महत्वपूर्ण हुने मैले महसुस गरेको छु । २०७३ सालबाट सुरु भएको सम्मेलनको निरन्तरता दिदै राष्ट्रप्रमुख समेतको उपस्थिति गराई आफ्ना सरोकारका विषयमा ध्यानाकृष्ट गराउने अत्यन्तै सान्दर्भिक अवसर हो जस्तो मलाई लागेको छ ।




संविधान जारी भयो । संविधानको व्यवस्था बमोजिम तीन तहको निर्वाचन भयो । स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार पनि गठन पनि भयो तर ती तीन तहका सरकार सञ्चालनका लागि ऐन कानूनहरू बनिसकेको अवस्था छैन । संविधानको पूर्णतया: कार्यान्वयनका लागि मौलिक हकहरू कार्यान्वयनसँग जोडिएका कानूनहरु पनि प्राप्त गरेका छौं र त्यसको कार्यान्वयनमा पनि केही जटिलताहरू छन् । त्यसको सँगसँगै देवानी, फौजदारी संहिता र कार्यविधि संहिताहरू आएका छन् । ती अत्यन्तै

महत्वपूर्ण छन् । समय परिस्थिति र घटनालाई सम्बोधन गर्ने गरी आएका कानुनहरूलाई आत्मसात गर्नु हाम्रो उपलब्धि हो भन्ने हामीले ठानेका छौं । सरकारी वकीलको यस सम्मेलनमा संहिताहरूले अपेक्षा गरेका कानुनको शासन कायम गर्ने, फौजदारी न्याय प्रणालीलाई वैज्ञानिक र वस्तुनिष्ठ बनाउने व्यवस्थाहरुको कार्यान्वयनका विषयमा समीक्षा भएको छ र प्रतिबद्धता पनि जनाउनु भएको छ । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकीलबाट सम्पन्न हुने कार्य वैज्ञानिक र वस्तुनिष्ट हुनुका साथै इमान्दारीपूर्वक, उत्तरदायित्व र जिम्मेवारीबोध हुनु पनि उत्तिकै आवश्यक छ ।

महान्यायाधिवक्ता भनेको राजनीतिक प्रकृतिको संवैधानिक पद भएकाले प्रधानमन्त्रीद्वारा आफूले चाहेको व्यक्तिलाई नियुक्त हुने पद भएकाले सरकारी कर्मचारीहरूको कार्यसम्पादनमा अप्ठ्यारो पारेको छ वा छैन । यस्ता विषयहरूमा पनि खुलस्त छलफल गर्नु सान्दर्भिक हुन्छ जस्तो मलाई लाग्दछ । बदलिदो समाजले निम्त्याएका अपराधहरू र नवीनतम् प्रविधिबाट सिर्जित समस्याहरूलाई सम्बोधन गर्न पर्याप्त साधन र स्रोतको कमी भएको हामीले पनि महसुस गरिरहेका छौं । त्यसलाई सम्बोधन राज्यले विशेष ध्यान दिनुपर्दछ ।

सरकारी वकीलको आफ्ना कार्यसम्पादनमा आएका कठिनाई र बाधा अड्चनलाई सम्बोधन गर्न राज्यले ध्यान दिनुपर्दछ । साथै व्यवासायिक दक्षता, ज्ञान र सीपको विकास गर्न सकेमा मात्र सरकारी वकीलले स्वच्छ र निष्पक्ष कार्यसम्पादन गर्न सक्दछन् ।

स्वतन्त्र, सक्षम फौजदारी न्याय प्रणली, कानूनी राज्यको अवधारणालाई साकार बनाई पीडितलाई न्याय, पीडकलाई सजाय, समाजमा शान्ति मौलिक हकको कार्यान्वयन, दण्डहीनताको अन्त्य गर्नका लागि सम्मेलनले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । साथै सम्मेलनबाट पारित ३० बुँदे घोषणापत्र कार्यान्वयनमा सबै सम्बद्ध निकायले सहयोग गर्नुपर्दछ । नेपाल बार एसोसियसनका तर्फबाट उक्त घोषणापत्रको कार्यान्वयनमा पूर्ण रूपमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

धन्यवाद ।

## १२. नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७५

### प्रस्तावना

विधिको शासन लोकतन्त्रको प्रमुख आधारशीला हो भन्ने मान्यतामा आस्था प्रकट गर्दै मुलुकको सम्बृद्धिका लागि विधिको शासन कायम गर्न विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन गर्न आफ्नो क्षेत्रबाट क्रियाशीलता प्रदर्शन गर्ने प्रतिबद्धता जनाउदै,

नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकारको रुपमा महान्यायाधिवक्तालाई संविधानले सुम्पिएको जिम्मेवारीलाई थप प्रभावकारी बनाई कानूनको शासनको अवधारणालाई व्यवहारमा रुपान्तरण गर्नु पर्ने आवश्यकता महशुस गर्दै,

फौजदारी न्याय प्रणाली मुलुकको शान्ति सुव्यवस्था र अमनचयनसँग अन्योन्याश्रित रहेको र नागरिकको स्वतन्त्रता र समाजमा सुव्यवस्था कायम राख्न समक्ष र प्रभावकारी फौजदारी न्याय प्रशासन स्थापित हुनु पर्दछ भन्ने मान्यतालाई केन्द्रमा राख्दै,

नेपालको कानून प्रणालीको आधुनिकीकरण गर्दै जारी भएका मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरुको प्रभावकारी कार्यान्वयन गरी अपराध अनुसन्धानलाई औचित्यका आधारमा मार्गदर्शन गर्ने र अभियोजनसम्बन्धी निर्णय गर्ने अधिकारको प्रयोग गर्दा स्वतन्त्रतापूर्वक वैज्ञानिक र बस्तुनिष्ठ आधारमा गरिनु गर्ने र स्वच्छ सुनुवाइ र मानव अधिकारका आधारभूत मूल्य मान्यताको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ भन्ने मान्यतालाई अंगिकार गर्दै,

सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षा एवम् सार्वजनिक हितको संरक्षणमा सरकारी वकीलले नेतृत्वदायी भूमिका निर्वाह गर्न व्यावसायिकता विकास गर्न अग्रसर हुनु पर्दछ भन्ने मान्यतालाई मनन् गर्दै,

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको कार्य सम्पादनलाई वस्तुगत, उत्तरदायी, पारदर्शी, सहभागितामूलक एवम् कानून तथा न्यायका मान्य सिद्धान्त बमोजिम सञ्चालन गरी सेवा प्रवाहलाई अझै बढी प्रतिस्पर्धी, प्रभावकारी र जनविश्वासयोग्य बनाउनु पर्ने आवश्यकताबोध गर्दै,

सरकारी वकीलको पहिलो राष्ट्रिय सम्मेलनमा जारी भएको घोषणापत्रको कार्यान्वयनबाट सरकारी वकीलको व्यावसायिकता विकास र संस्थागत सुधारमा सकारात्मक योगदान पुगेको महशुस गरी सो घोषणापत्रमा समावेश भएका विषयमा पुनः प्रतिबद्धता व्यक्त गर्दै,

व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रुपमा स्थापित भई कानूनको शासन प्रबर्द्धन गर्ने महान्यायाधिवक्ताको कार्यालयको परिदृश्य (Vison) हासिल गर्ने उद्देश्यले वि.सं. २०७५ साल पौष ८ गतेदेखि १० गतेसम्म काठमाडौंमा आयोजना गरिएको नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनमा सहभागी हामी सरकारी वकीलहरु यो घोषणापत्र जारी गर्दछौं ।

## आभार प्रकट

१. वैज्ञानिक र बस्तुनिष्ठ अभियोजन, अपराध संहिताको प्रभावकारी कार्यान्वयन भन्ने मूल नाराका साथ आयोजना गरिएको नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनको समुद्घाटन गरी सरकारी वकीलको कार्य सम्पादनमा दिशानिर्देश गर्ने गरी गर्नु भएको सम्बोधनका लागि सम्मानीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । उद्घाटन समारोहका विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूबाट सरकारी वकीलको व्यावसायिकता विकास र सरकारी वकील कार्यालयको संस्थागत सुदृढीकरणका लागि व्यक्त भएको प्रतिबद्धताप्रति हार्दिक आभार प्रकट गर्दछौं । सम्मेलनमा उपस्थित भई मन्तव्य व्यक्त गरिदिनु हुने सम्मानीय प्रधान न्यायाधीशज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू तथा अन्य विशिष्ट पदाधिकारीहरुको गरिमापूर्ण उपस्थिति एवम् समापन समारोहका प्रमुख अतिथि माननीय गृह मन्त्रीज्यू तथा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूको उपस्थिति तथा सम्बोधनका लागि हार्दिक आभार प्रकट गर्दछौं ।

२. सरकारी वकीलहरुलाई अन्तर्राष्ट्रिय अनुभवसँग परिचित गराउन र अन्तर्राष्ट्रिय मञ्चमा पहुँच अभिबृद्धि गर्नका लागि International Association of Prosecutors (IAP) को सदस्यता लिने प्रक्रिया अगाडि बढाइएको र नेपाल सरकारबाट सो प्रयोजनका लागि स्वीकृति समेत प्राप्त भएको जानकारीले सबै सरकारी वकीलहरु उत्साहित भएका छौं । यसका लागि सम्मानीय प्रधानमन्त्रीज्यू तथा नेपाल सरकारप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

## नयाँ संहिताको कार्यान्वयन

३. नेपालको कानून प्रणालीलाई आधुनिकीकरण गर्दै जारी भएका मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरु लागू भएकोमा हर्ष प्रकट गर्दछौं । फौजदारी न्यायका आधारभूत सिद्धान्त र मूल्य मान्यता एवम् सभ्य समाजले अवलम्बन गरेका मानव अधिकार संरक्षणका सफल अभ्यासलाई समेत एकीकरण गरी संहिताबद्ध गरिएका ती कानूनहरुको प्रभावकारी कार्यान्वयनका लागि सरकारी वकीलहरु अग्रसर रहेका छौं । संहिताहरुले फौजदारी न्याय प्रणालीमा सरकारी वकीलको भूमिकामा विस्तार गरी थप गरिदिएका जिम्मेवारी उत्तरदायित्वपूर्वक पालना गर्ने प्रतिबद्धता प्रकट गर्दछौं । संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक सबै प्रकारका सरकार वादी मुद्दाको अभियोजन सरकारी वकीलबाट गरिनु पर्ने गरी संविधान र संहितामा गरिएका व्यवस्थासँग मेल खाने गरी सम्बन्धित कानूनहरु संशोधनका लागि नेपाल सरकारबाट यथाशीघ्र कार्य अगाडि बढाउने अपेक्षा राख्दछौं ।

४. मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहितामा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि प्रारम्भ गरिएको पुनरावलोकनको प्रक्रिया छिट्टै निष्कर्षमा पुग्ने विश्वास प्रकट गर्दछौं । मुलुकी अपराध संहिताले बहिर्क्षेत्रीय क्षेत्राधिकारको व्यवस्था गरी क्षेत्राधिकार विस्तार गरेको सन्दर्भमा

सोको प्रभावकारी कार्यान्वयनका लागि सपुर्दगी र पारस्परिक कानूनी सहायता प्राप्त गर्न सकिने गरी आवश्यक प्रबन्ध हुनका लागि नेपाल सरकारबाट प्रक्रिया प्रारम्भ हुनु पर्ने आवश्यकताबोध गर्दछौं ।

५. मुलुकी अपराध संहिताको कार्यान्वयनमा महान्यायाधिवक्ताको कार्यालयबाट भएको अग्रसरताले पारेको सकारात्मक प्रभावको उचित मूल्यांकन गरी फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनहरुमा समावेश भएका नयाँ विषयवस्तुहरुका बारेमा कानून कार्यान्वयन गर्ने जिम्मेवारी रहेका सरकारी वकीलहरुलाई निरन्तर प्रशिक्षण र अभिमुखीकरण गरी जनशक्ति विकास गर्ने कार्यक्रमहरु सञ्चालन हुने अपेक्षा राख्दछौं । अपराध अनुसन्धानका लागि समेत सोही अनुसार विशिष्टीकृत जनशक्तिको विकास गर्नु पर्ने आवश्यकता दर्शाउदछौं ।

## अपराधको अनुसन्धान तथा अभियोजन

६. अपराध अनुसन्धान र अभियोजनको स्वच्छता र विश्वसनीयता अभिबृद्धिका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताको सदाचार र निष्ठापूर्ण योगदान आवश्यक पर्दछ । असल नियतले गरिएका कानून बमोजिमका कार्यहरुलाई कानूनले संरक्षण गरेको अवस्था छ । अपराध अनुसन्धान र अभियोजनका लागि कानूनले दिएको अख्तियारीको दुरुपयोगको संरक्षणका लागि कुनै पनि कानूनी व्यवस्था रक्षाकवच हुन सक्दैन । अपराध अनुसन्धान र अभियोजनमा हुने लापरवाही र जिम्मेवारीमा बसेका व्यक्तिहरुबाट गरिने बद्नियतपूर्ण कार्यको प्रभाव सिंगो राज्य व्यवस्थाले व्यहोर्नु पर्ने हुन्छ । यसको नकारात्मक प्रभाव सिंगो फौजदारी न्याय प्रशासन उपर नै पर्न सक्ने अवस्था रहन्छ । यसले कानून कार्यान्वयन गर्ने निकायको विश्वसनीयतामा समेत प्रश्न उठाउन सक्ने अवस्था सिर्जना हुने हुँदा त्यस्ता कार्यलाई छानविन गरी कारवाहीको दायरामा ल्याउने र राज्य व्यवस्थाप्रति जनविश्वास अभिबृद्धि गर्ने तर्फ क्रियाशील हुन सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौ. ।

७. फौजदारी न्याय प्रशासनको प्रभावकारिताका लागि अपराधको अनुसन्धान र अभियोजन बस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित हुनु पर्ने मान्यतामा अटुट विश्वास प्रकट गर्दै प्रमाणको वैज्ञानिक परीक्षण गर्नका लागि अनुसन्धानकर्ताको पहुँचमा प्रयोगशालाको विस्तार र आधुनिकीकरण गरी विश्वसनीयता अभिबृद्धि गरिनु पर्ने विषयलाई प्राथमिकतापूर्वक कार्यान्वयनमा ल्याउन विशेष ध्यानाकर्षण गर्दछौं । साथै अपराध अनुसन्धानको क्रममा आवश्यक पर्ने राज्यको कुनै पनि निकायसँग रहेका सबै प्रकारका सूचना तथा जानकारी एवम् अभिलेख सहज र सुलभ तरिकाले अनुसन्धानकर्तालाई उपलव्ध हुने व्यवस्था हुन आवश्यक प्रबन्ध हुने विश्वास प्रकट गर्दछौं ।

८. अपराध अनुसन्धान र अभियोजनलाई वैज्ञानिक र बस्तुनिष्ठ बनाउन विधि विज्ञानको महत्व रहन्छ । अपराध अनुसन्धानको क्रममा विधि विज्ञानको प्रयोगलाई अझ प्रभावकारी बनाउनु पर्ने आवश्यकता देखिएको छ । सोका लागि आवश्यक पर्ने संरचना, कानून, जनशक्ति एवम् स्रोत साधनको उचित व्यवस्था

हुने र वैज्ञानिक परीक्षणको विश्वसनीयता अभिबृद्धि हुने गरी सरकारबाट प्राथमिकतापूर्वक आवश्यक प्रबन्ध हुने कुरामा जोड दिन्छौं ।

९. अपराधका स्वरुप र प्रवृत्तिमा देखिएका नयाँ नयाँ आयामहरु एवम् अपराधमा प्रविधिको उच्च प्रयोग गर्ने अभ्यासले अनुसन्धान र अभियोजनमा चुनौती सिर्जना भएको छ । यस्ता चुनौतीलाई सम्बोधन गर्न अपराध अनुसन्धान र अभियोजन गर्ने जनशक्तिको विशिष्टीकरण गर्नु पर्ने र अनुसन्धान गर्ने एकाईहरुलाई स्रोत साधन र प्रविधियुक्त बनाई क्षमता अभिबृद्धि गर्नु पर्ने आवश्यकताबोध गर्दछौं ।

१०. फौजदारी न्याय प्रशासनका लागि अनुसन्धान र अभियोजन अन्योन्याश्रित रहेको यथार्थतालाई मनन् गर्दै अनुसन्धान अधिकृतको स्वायत्तता र विशेषज्ञताको सम्मान गर्दै अभियोजनकर्ताबाट अनुसन्धान प्रक्रियाको वैधतामा प्रश्न उठ्न नसक्ने तर्फ विशेष ध्यान दिँदै मुलुकी फौजदारी कार्यविधि संहिताले अपराध अनुसन्धानका समयमा सरकारी वकीललाई सुम्पिएको दायित्व प्रभावकारी रुपमा पालना गरी अनुसन्धानलाई बस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउनका लागि निर्देशन दिने र अनुसन्धानकर्तालाई राय प्रदान गर्ने विषयमा उचित अभ्यास गर्ने प्रतिबद्धता प्रकट गर्दछौं ।

११. फौजदारी कसूरमा सजाय निर्धारणका लागि जारी भएको नयाँ कानूनी व्यवस्थाको अभ्यास र यसले बोकेका मूल्यको बारेमा अनुसन्धानकर्ता र अभियोजनकर्तालाई समेत प्राथमिकतापूर्वक अभिमुखीकरण गर्नु पर्ने र अन्य मुलुकमा भएका सफल अभ्यासको बारेमा जानकारी दिनु पर्ने आवश्यकता बोध गर्दछौं । कसूरदारलाई सुधार गर्नु पर्ने आधुनिक सर्वस्वीकार्य मान्यतामा आधारित भई आएको यस कानूनको उचित र सफल कार्यान्वयन हुने कुरामा आशावादी छौं । यसका लागि सजाय निर्धारण सुझाव समितिले आवश्यक मार्गदर्शन गर्ने अपेक्षा राख्दछौं । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनले गरेको व्यवस्था मुताविक प्रोवेसन, प्यारोल, सामुदायिक सेवा, खुला कारागार तथा पीडित राहत कोष जस्ता नवीन मान्यताहरु प्राथमिकतापूर्वक कार्यान्वयनमा आँउने अपेक्षा राख्दछौं ।

१२. कुनै पनि प्रकारको यातनालाई अस्वीकार गर्ने राज्यको प्रतिबद्धता संविधानमा प्रत्याभूत गरिएको यातना विरुद्धको मौलिक हक र मुलुकी अपराध संहितामा यातनालाई कसूर घोषणा गरेकोबाट स्पष्ट भैसकेको छ । संयुक्त राष्ट्र संघले अभियोजनकर्ताका लागि जारी गरेको मार्गदर्शनमा समेत यातना वा यस्तै अन्य गैर कानूनी तरिकाबाट प्राप्त भएका शंकित विरुद्ध संकलित प्रमाण अस्वीकार गर्नु पर्ने भनिएको छ । उक्त संवैधानिक तथा कानूनी व्यवस्था र अन्तर्राष्ट्रिय मापदण्ड विरुद्ध अपराध अनुसन्धानमा हुने यातनालाई अभियोजनकर्ताहरु अस्वीकार गर्दछौं । र, संविधानले न्याय सम्वन्धी हकमा प्रत्याभूत गरेका स्वच्छ सुनुवाइको अधिकारको प्रभावकारी कार्यान्वयन गर्ने तर्फ प्रतिबद्धता व्यक्त गर्दछौं ।

## मौलिक हकको कार्यान्वयन

१३. नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हकको कार्यान्वयनका लागि बनेका कानूनहरुले संविधानवादको आदर्शलाई व्यवहारमा रुपान्तरण गर्न सहयोग पुर्‍याएको अनुभूत गर्दै ती कानूनहरुको

प्रभावकारी कार्यान्वयनका लागि आफ्नो क्षेत्रमा क्रियाशील रहने छौं । खास गरी अपराध पीडितको संरक्षण र बालबालिकासम्बन्धी ऐनले गरेका नयाँ व्यवस्था मुताविक अपराध अनुसन्धान र अभियोजनको कार्यलाई अझै प्रभावकारी बनाउने प्रयत्न गर्नेछौं । अपराध पीडितलाई न्याय प्रदान गर्ने जिम्मेवारी र अभिभारा अनुसन्धान र अभियोजनमा संलग्न रहने निकायको प्राथमिकताको विषय हो । अपराध अनुसन्धान र अभियोजनका क्रममा पीडितका अधिकारको संरक्षण गर्नु पर्ने जिम्मेवारीप्रति दृढतापूर्वक क्रियाशील हुने प्रतिबद्धता प्रकट गर्दै अपराध पीडितको उद्धार, उपचार, संरक्षण, क्षतिपूर्ति र पुनस्थापनाका लागि आवश्यक पूर्वाधार प्राथमिकतापूर्वक निर्माण गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं ।

१४. बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि समेतका अन्तर्राष्ट्रिय मापदण्ड र नेपालले व्यक्त गरेका प्रतिबद्धता अनुरुप मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता र बालबालिका सम्बन्धी ऐनको कार्यान्वयनका लागि बाल सुधार गृहको विस्तार र आवश्यक पूर्वाधार निर्माणको लागि प्राथमिकतापूर्वक कार्य सम्पादन हुने विश्वास व्यक्त गर्दछौं ।

१५. सरकार वादी फौजदारी मुद्दाको सफलताको मापन कसूरदारलाई सजाय र पीडितलाई न्याय प्रदान गरी मात्र गर्न सकिन्छ । सो प्रयोजनका लागि सरकार वादी मुद्दाका साक्षीको संरक्षणका लागि प्राथमिकतापूर्वक छुट्टै कानून निर्माण गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं । साक्षीको समुचित संरक्षण हुन नसकेका कारण गम्भीर प्रकृतिका मुद्धाका कसूरदारहरुले उन्मुक्ति पाउन सक्ने जोखिमलाई न्यूनीकरण गर्नका लागि लगातार सुनुवाइको प्रक्रियालाई अझ प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन क्रियाशील हुनेछौं ।

## व्यावसायिकता विकास र विशिष्टीकरण

१६. सरकारी वकीलको व्यावसायिकता विकास आजको आवश्यकता हो । व्यावसायिकता विकासका लागि राज्यको लगानी र सरकारी वकीलको अग्रसरता दुवै सँगसँगै क्रियाशील हुनु पर्ने आवश्यकता पर्दछ । निरन्तर अध्ययन अनुसन्धानबाट आफ्नो दक्षता र क्षमतामा गुणात्मक बृद्धि गर्दै सरकारी वकीलको सेवालाई व्यावसायिक बनाउन प्रयत्नशील रहनेछौं । त्यसका लागि आवश्यक स्रोत साधन र पूर्वाधारको प्रबन्ध गरी उचित कार्य वातावरण निर्माण गर्ने कार्यमा सरकारले प्राथमिकता प्रदान गर्ने अपेक्षा राख्दछौं । सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्तिका प्रावधानहरु पेशागत र व्यावसायिक कार्यको संरक्षणका लागि गरिएको हो भन्ने विषयलाई आत्मबोध गर्दै ती विषयहरु कुनै गैर कानूनी र गैरव्यावसायिक कार्यको संरक्षणका आधार हुने छैनन् भन्ने मान्यताप्रति अटुट विश्वास प्रकट गर्दछौं ।

१७. सरकारी वकीलको विशिष्टीकरण व्यावसायिकता विकासको आधार हो । महान्यायाधिवक्ताको कार्यालयबाट विषयगत आधारमा सरकारी वकीलको विशिष्टीकरण गर्ने कार्य प्रारम्भ भएको विषयलाई सकारात्मक रुपमा लिँदै सरकारी वकीलको कार्यक्षेत्रका विषयवस्तुको विविधतालाई सम्बोधन गर्ने गरी उत्तराधिकार योजना सहित इच्छुक सबै सरकारी वकीलहरुले विशिष्टीकरणको प्रक्रियामा सहभागिता

जनाउन पाउने गरी आवश्यक प्रबन्ध हुने अपेक्षा गर्दछौं । संविधानले मार्गदर्शन गरे बमोजिम सरकारी वकील र महान्यायाधिवक्ता अन्तर्गतका अन्य कर्मचारीहरुको सेवा शर्त सम्वन्धी कानून प्राथमिकतापूर्वक तर्जुमा हुने अपेक्षा राख्दछौं ।

## सरकारको प्रतिनिधित्व र प्रतिरक्षा

१८. पछिल्लो समयमा विवादको विषयसँग सम्बद्ध नभएका सरकारी निकायहरुलाई समेत विपक्षी बनाउने प्रचलन बढ्दै गएको र कुनै निर्णय वा काम कारवाही नगरिकनै मुद्दाको पक्षको रुपमा प्रतिवाद गर्ने प्रक्रियामा सहभागी हुनु पर्ने अवस्थाले न्यायालय एवम् अन्य सरोकारवाला निकायको कार्यबोझमा अनावश्यक विस्तार गरेको छ । यस विषयलाई गम्भीरतापूर्वक विचार गरी सरोकारवाला निकाय र निर्णय वा काम कारवाहीसँग प्रत्यक्ष सम्बन्धित निकायहरुलाई मात्र प्रतिवादी वा प्रत्यर्थी बनाउने अभ्यासको विकास गर्न सम्बद्ध सबैमा हार्दिक अपिल गर्दछौं ।

१९. सार्वजनिक र सरकारी सम्पत्तिको अभिभावकीय भूमिका सरकारको रहेको हुँदा त्यस्ता सम्पत्ति सम्वन्धी विवादमा सरकारी वकील सँधै सार्वजनिक वा सरकारी सम्पत्ति संरक्षणको पक्षमा क्रियाशील रहिआएका छौं । आगामी दिनमा पनि सोही अनुरुप क्रियाशील हुने र उक्त मान्यता विपरीत सार्वजनिक र सरकारी सम्पत्तिको संरक्षणको विरुद्धमा भएका कुनै पनि निर्णय तथा काम कारवाहीको पक्षमा प्रतिनिधित्व गर्न नसकिने व्यहोरा यसै घोषणापत्र मार्फत सार्वजनिक गर्दछौं ।

२०. नेपालको संविधानले महान्यायााधिवक्तालाई सरकारको प्रमुख कानूनी सल्लाहकारको जिम्मेवारी दिएको सन्दर्भमा महान्यायाधिवक्ताको पूर्व सहमति बेगर अन्य निकाय वा व्यक्तिसँग कानूनी राय लिई गरिएका निर्णय र देखादेखी कानूनी त्रुटी गरी भएका सरकारी निर्णयको सरकारी वकीलले प्रतिरक्षा गर्न नसक्ने पहिलो सम्मेलनको घोषणापत्रको व्यवस्था पुनः स्मरण गराउन चाहन्छौं ।

२१. सरकारी पक्षलाई प्रत्यर्थी बनाई दायर हुने रिट निवदेनमा प्रतिरक्षाका लागि सम्बन्धित निकायले सरकारी वकीललाई आवश्यक सूचना, जानकारी, निर्णय र कागजात उपलव्ध गराएको अवस्थामा प्रभावकारी रुपमा प्रतिरक्षा र प्रतिनिधित्व गर्न सहज भएको र सम्बन्धित निकायबाट त्यस्तो सहयोग हुन नसक्दा प्रतिनिधित्व गर्न असहज हुने गरेको यथार्थता दर्शाउदै सबन्धित निकायबाट प्रतिनिधित्व र प्रतिरक्षाका लागि आवश्यक सूचना, जानकारी र निर्णय एवम् कागजात उपलव्ध नभएको अवस्थामा सरकारी वकीलले प्रतिरक्षा गर्न नसक्ने बाध्यात्मक अवस्था आइपर्ने व्यहोरा सम्बद्ध सबैमा अनुरोध गर्दछौं ।

## कानूनको आधुनिकीकरण

२२. समाजको गतिशीलतासँगै कानूनी व्यवस्थामा पुनरावलोकन गर्नु पर्ने आवश्यकता पर्दछ । सोही मान्यताका आधारमा हाल कार्यान्वयनमा रहेका फौजदारी कानूनहरुको आधुनिकीकरण गर्नु पर्ने आवश्यकता अझै देखिएको छ । महान्यायाधिवक्ताबाट पेश गरिएका वार्षिक प्रतिवेदनमा समेत कानूनको

आधुनिकीकरण र पुनरावलोकनका लागि सुझावहरु प्रस्तुत हुँदै आएका छन् । सरकारी वकीलको कार्य सम्पादनसँग सम्बन्धित कानूनको पुनरावलोकनको क्रममा सरोकारवालाको रुपमा सरकारी वकीलको सहभागिता कायम हुने व्यवस्था हुने अपेक्षा राख्दछौं ।

२३. लागू औषध, आखेटोपहार, विदेशी मुद्राको अवैध कारोवार, बैंकिङ कसूर, मानव बेचविखन जस्ता संगठित अपराधको रुपमा विकसित हुँदै गरेका गम्भीर अपराधको नियन्त्रणका लागि सम्बन्धित कानूनको आधुनिकीकरण गर्नु पर्ने आवश्यकता बोध गर्दछौं । विद्युतीय माध्यमको प्रयोग गरी वा विद्युतीय माध्यमलाई लक्षित गरी गरिने अपराधको मात्रामा भएको बृद्धि र यसको गहनतालाई दृष्टिगत गरी सो सम्बन्धी कानूनको पुनरावलोकन गर्नु पर्ने र सहज पहुँच कायम हुने गरी सूचना प्रविधि न्यायाधिकरणको स्थापना गर्नु पर्ने आबश्यकताबोध गर्दछौं ।

## सरकारी वकीलको संगठन संरचना र दरबन्दी

२४. यसै वर्ष सरकारी वकीलहरुको संगठन संरचना र दरबन्दीमा केही पुनरावलोकन भएको छ। सरकारी वकील र सहायक एवम् सहयोगीस्तरका केही दरबन्दी थप पनि भएका छन् । तर सरकारी वकीलको कार्यबोझको तुलनामा कायम भएको दरबन्दी पर्याप्त रहेको छैन । अधिक कार्यबोझले कार्य सम्पादनको गुणात्मकतालाई नकारात्मक प्रभाव पारिरहेको अवस्था छ । विगत पाँच वर्षमा सरकारी वकीलले प्रतिनिधित्व र प्रतिरक्षा गर्नु पर्ने मुद्दाको संख्या ४० प्रतिशतले बृद्धि भएको छ । मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरु तथा नयाँ कार्यविधिले सरकारी वकीलको कार्यक्षेत्रलाई निक्कै विस्तार गरेको अवस्था छ । कतिपय नयाँ विषयहरु अपराध घोषित भएकाछन् । गम्भीर प्रकृतिका मुद्दाको संख्या पनि क्रमशः बढ्दो रुपमा रहेको छ । कतिपय मुद्दामा समूहगत रुपमा सरकारी वकीलले प्रतिनिधित्व गर्नु पर्ने आवश्यकता समेत देखिएको छ । सरकारी वकीलको पहिलो राष्ट्रिय सम्मेलनले प्रति दुई सय मुद्दाको अनुपातमा एक जना सरकारी वकीलको दरबन्दी कायम हुने गरी दरबन्दी संरचनाको पुनरावलोकनको आवश्यकता दर्शाएकोमा संहिताका व्यवस्था कार्यान्वयनका लागि शुरु तहको सरकारी वकील कार्यालयमा प्रति एक सय पचास मुद्दाका लागि एक जना सरकारी वकीलको अनुपात कायम हुने गरी आवश्यकता र औचित्यका आधारमा संगठन संरचना र दरबन्दीको प्राथमिकतापूर्वक पुनरावलोकन गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं । .

## आचरणका नियमहरुको पालना

२५. व्यावसायिक निष्ठा र नैतिक आचरणको पालना बेगर सरकारी वकीलको व्यावसायिक जिम्मेवारीले पूर्णता प्राप्त गर्न सक्दैन । सदाचार, नैतिकता र निष्ठामा कुनै विचलन देखिएमा त्यस्ता घटनालाई सँस्थागत रुपमा तिरस्कार गर्दै आफू कार्यरत सँस्थाको गरिमा र प्रतिष्ठालाई उचो बनाउन प्रयत्नशील हुनेछौं र सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरुका लागि जारी गरिएको आचार संहिताको स्वागत गर्दै सो आचार संहिताको पूर्ण पालना गर्ने प्रतिबद्धता प्रकट गर्दछौं ।

## समन्वय

२६. सरकारी मुद्दामा बस्तुगत प्रमाणमा आधारित अनुसन्धान, अभियोजन एवम् प्रभावकारी प्रतिरक्षा र प्रतिनिधित्वका लागि अनुसन्धान, अभियोजन र न्याय सम्पादन गर्ने निकायहरु बीच पारस्परिक सहयोग, समन्वय र सहकार्यको आवश्यकता पर्दछ । मुलुकी फौजदारी कार्यविधि संहिताले समेत समन्वयको आवश्यकता दर्शाएको छ । सोही व्यवस्थाको कार्यान्वयनका लागि माननीय महान्यायाधिवक्ताज्यूको संयोजकत्वमा रहेको समन्वय समितिको निर्णयानुसार गठन भएका सबै तहका समन्वय समितिलाई क्रियाशील तुल्याउने बचनबद्धता व्यक्त गर्दछौं ।

## हिरासत तथा कारागार सुधार

२७. कारागार तथा हिरासत अनुगमन गरी थुनुवा र कैदी उपर मानवोचित व्यवहार भए नभएको अनुगमन गर्ने जिम्मेवारी महान्यायाधिवक्तामा रहेको र सो प्रयोजनका लागि महान्यायाधिवक्ता र सरकारी वकीलहरुबाट अनुगमन गरी सुधारका लागि नियमितरुपमा सुझाव सहितको प्रतिवेदन नेपाल सरकार समक्ष प्रस्तुत गरी सार्वजनिक समेत गर्ने गरिएको छ । ती सुझावहरुको प्रभावकारी कार्यान्वयन गरी हिरासत तथा कारागारको विद्यमान अवस्थामा सुधार ल्याउन नेपाल सरकार समक्ष सादर अनुरोध गर्दछौं ।

## रणनीतिक योजना कार्यान्वयन

२८. महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुधार र सरकारी वकीलको व्यावसायिकता विकासमा केन्द्रित भई कार्यान्वयनमा आएको महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको मध्यावधि मूल्यांकन गरी मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरु जारी भएको सन्दर्भमा सो सम्बन्धी व्यवस्थाको कार्यान्वयनलाई समेट्नका लागि योजनाका कार्यक्रमहरुमा आवश्यक पुनरावलोकन गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं ।

२९. मुलुकमा शान्ति र विकासको आधार कानूनको शासन हो । यसका लागि कानूनको आधुनिकीकरण र सोको प्रभावकारी कार्यान्वयन गर्न अनुसन्धान र अभियोजन गर्ने तथा यससँग सम्बन्धी अन्य निकायको प्रभावकारिता अभिबृद्धि गरिनु आवश्यक हुन्छ । सो प्रयोजनका लागि अपराधको अनुसन्धान र अभियोजन तथा सरकारी पक्षको प्रभावकारी प्रतिरक्षा र प्रतिनिधित्वको विषयलाई पन्ध्रौं राष्ट्रिय योजनामा प्राथमिकतापूर्वक सम्बोधन हुने अपेक्षा राखिएको छ ।

## धन्यवाद ज्ञापन

३०. नेपालका सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलन आयोजना गरी सरकारी वकीलको संस्थागत सुधारका लागि महत्वपूर्ण योगदान गर्ने पूर्व महान्यायाधिवक्ता श्री रमनकुमार श्रेष्ठ र दोस्रो सम्मेलनको आयोजना गरी संस्थागत विकासलाई अझ बढी प्रभावकारी बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने

माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलप्रति हार्दिक आभार प्रकट गर्दछौं । सम्मेलनको आयोजना र व्यवस्थापनमा सहयोग पुर्‍याउनु हुने सबै पदाधिकारी, संघ सँस्था, निकाय र महानुभावहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

इति सम्बत २०७५ साल पौष १० गते ३ रोज शुभम् ।

**घोषणापत्र तयारी समिति**

**नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेय**

**सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई**

**सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना**

**सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी**

**जिल्ला न्यायाधिवक्ता श्री मोना सिंह**

**शाखा अधिकृत श्री गजराज घिमिरे**

**शाखा अधिकृत श्री रोशी भण्डारी**

# अनुसूची

## पुरस्कृत कर्मचारीहरूको नामावली

१. सर्वोत्कृष्ट बर्ष सरकारी वकिल (एटर्नी अफ द इयर) ,




नायब महान्यायाधिवक्ता श्री किरण पौडेल

### उत्कृष्ट सरकारी वकील

१. सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी , महान्यायाधिवक्ताको कार्यालय

२. उपन्यायाधिवक्ता श्री कृष्णमोहन काईराला , उच्च सरकारी वकील कार्यालय, पाटन

३. उपन्यायाधिवक्ता श्री हरीशंकर ज्ञावली , महान्यायाधिवक्ताको कार्यालय

४. शाखा अधिकृत श्री कल्पना राई , महान्यायाधिवक्ताको कार्यालय

५. सहायक जिल्ला न्यायाधिवक्ता श्री शान्ती प्रसाद शर्मा, जिल्ला सरकारी वकिल कार्यालय, रुकुम पश्चिम

६. सहायक जिल्ला न्यायाधिवक्ता श्री अजित कुमार लालकर्ण , जिल्ला सरकारी वकिल कार्यालय, महोत्तरी

### उत्कृष्ट कर्मचारीहरू

१. नायब सुब्बा श्री ऋषिराज खनाल, उच्च सरकारी वकिल कार्यालय, नेपालगंज

२. टाइपिष्ट नायब सुब्बा श्री धर्मराज शर्मा, उच्च सरकारी वकिल कार्यालय, बाग्लुङ

३. कार्यालय सहयोगी श्री नैन बहादुर मगर, जिल्ला सरकारी वकिल कार्यालय, उदयपुर

४. कार्यालय सहयोगी श्री पशुपति खड्का, महान्यायाधिवक्ताको कार्यालय




नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन समापन समारोहमा सम्बोधन गर्नु हुदै माननीय गृहमन्त्री राम बहादुर थापा

नेपालका सरकारी वकीलहरूको दास्रो राष्ट्रिय सम्मेलन समापन समारोहमा सम्बोधन गर्नु हुदै माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकाल






नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन समापन समारोहलाई समापन गर्नु हुदै माननीय महान्यायायाधिवक्ता श्री अग्नि प्रसाद खरेल




महान्यायाधिवक्ताको कार्यालयको निर्माणाधीन भवन